जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४०, २०७४ साल माघ १२ गते शुक्रबार, नेपाल संवत् ११३८ (Jan . 26, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## जोखिमपूर्ण वैदेशिक रोजगार

काठमाडौं । नेपालको अर्थतन्त्र र बेरोजगारी नियन्त्रणको गतिलो टेवाका रुपमा स्थापित हुँदै आएको वैदेशिक रोजगार जोखिमपूर्ण बन्दै गएको विदेशमा मृत्यु वरण गर्ने युवाको तथ्यांकबाट छर्लंग हुन्छ । सन् २०१७ मा ९ सय ५७ जना नेपालीको विदेशी भूमिमा वैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएको छ । विदेशमा रोजगार गरेर परिवारको भरणपोषण गर्ने र उज्ज्वल भविष्यको मार्ग प्रशस्त गर्ने आशामा विदेश **बाँकी ८ पेजमा**

## कालिकोटमा भाइरलको प्रकोप

काठमाडौं । कालिकोट जिल्लामा भाइरल ज्वरोले उग्र रुप लिएको समाचार विभिन्न सञ्चारमाध्यमहरुमा प्रकाशित भएको छ। सञ्चारमाध्यमहरुले कालिकोटमा फैलिएको भाइरल ज्वरोबारे सरकारको गम्भीर ध्यानाकर्षण गराउँदा पनि सिंहदरबारको ध्यान तानिन सकेको छैन । जिल्लामा पर्याप्त स्वास्थ्यकर्मी र औषधिको उचित व्यवस्था हुन नसकेका कारण जिल्लामा उपलब्ध स्वास्थ्यकर्मीहरुलाई भाइरल नियन्त्रण गर्न गम्भीर समस्या परिरहेको छ ।

भाइरल ज्वरो फैलिएका कारण कालिकोटका १६ वटा विद्यालयहरु ४ दिनसम्मका **बाँकी ८ पेजमा**

# राष्ट्रिय सभा पार्टीहरुकै डम्पिङ केन्द्र

काठमाडौं । नयाँ संविधान कार्यान्वयनको महत्वपूर्ण कसिका रुपमा रहेको विभिन्न तहको निर्वाचन गराउने क्रममा राष्ट्रिय सभाको पालो आएको छ । स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाका निर्वाचन सम्पन्न भएर मुलुक नयाँ सरकारको प्रतीक्षामा बसिरहेकै अवस्थामा यही माघ २४ गते सम्पन्न हुने राष्ट्रियसभा निर्वाचनका लागि राजनीतिक दलहरुले उम्मेदवारी दर्ता गराएका छन् । राष्ट्रिय सभा राजनीतिको उपल्लो तह र सम्मानित निकाय भए तापनि राजनीतिक दलहरुले यसको गुरुत्व राख्न सकेनन् भने प्रदेशसभा र प्रतिनिधिसभाकै शैलीमा उम्मेदवारी दर्ता गरिएको छ ।

राष्ट्रियसभा सदस्यमा ५६ जना सदस्यका लागि ८३ जनाको उम्मेदवारी दर्ता भएको छ भने १७ जना सदस्य निर्विरोध निर्वाचित भइसकेका छन् । नौवटा राजनीतिक दलबाट समूहगत रुपमा महिला २६, अन्य २८, दलित १४ र अपांगता भएका र अल्पसंख्यक समुदायबाट १५ जनाको उम्मेदवारी परेको छ । निर्वाचन आयोगको तालिका अनुसार अन्तिम नामावली १४ माघमा सार्वजनिक हुनेछ भने माघ १५ मा निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको छ । राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट खुला तीन, महिला तीन, दलित एकजना र अपांग वा अल्पसंख्यकबाट एक गरी आठ सदस्य निर्वाचित हुने संवैधानिक प्रावधान रहेको छ ।



निर्वाचन आयोगका प्रवक्ता नवराज ढकालले सबै प्रदेशमा शान्तिपूर्ण ढंगले मनोनयन दर्ता सम्पन्न भएको बताएका छन् । आयोगले जानकारी गराएअनुसार प्रदेश एकबाट सरिता प्रसाई (कांग्रेस), नैनकला ओझा (एमाले), बिना पोखरेल (माओवादी) निर्विरोध निर्वाचित भएका छन् । प्रदेश दुईमा मुक्तकुमारी यादव (कांग्रेस), शशिकला दाहाल (माओवादी), प्रमिलाकुमारी यादव (फोरम), वृशेषचन्द्रलाल (राजपा), निर्विरोध भएका छन्। प्रदेश ५ बाट निर्विरोध हुनेमा अनिता देवकोटा (कांग्रेस), कोमल वली (एमाले), मीना बुढा (एमाले) रहेका छन्। प्रदेश ७ बाट तारादेवी भट्ट (कांग्रेस), कमलाकुमारी ओली (एमाले), इन्दु कँडरिया - एमाले), बद्रिप्रसाद पाण्डे (कांग्रेसɃ शेरबहादुर कुँवर (एमाले), हरिराम चौधरी (माओवादी) निर्विरोध निर्वाचित भएका छन्।

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले राष्ट्रियसभालाई समावेशी र सम्मानित बनाउने परिकल्पना गरेको छ । निर्वाचन आयोगले राष्ट्रिय सभा र प्रतिनिधिसभालाई एउटै टोकरीमा हालेर हल्लाउने प्रयास गरेका कारण अझै पनि प्रतिनिधिसभा समानुपातिकतर्फको नतिजालाई थन्क्याएर राखेको छ जसको कारण नयाँ सरकार निर्माणको मार्गप्रशस्त गर्ने काममा अवरोध उत्पन्न हुन गयो भने दलहरुबीच अनावश्यक आरोप प्रत्यारोप लगाउने अवस्थाको सिर्जना भयो ।

राष्ट्रिय सभामा राजनीतिक दलहरुकै तर्फबाट प्रतिनिधित्व हुने भए तापनि यसको विशिष्टता र ओजपूर्णतालाई कायम राख्दै थप सम्मानित थलो बनाउन समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरुलाई पनि पुग्न सक्ने वातावरण बनाउनुपर्ने हुन्छ । विषयगत विज्ञता हासिल गरेका विज्ञहरु, सरकार र राष्ट्रलाई योगदान दिएका र दिन सक्ने क्षमता भएका व्यक्तिहरु यो सम्मानित थलोमा पुग्नुपर्ने हो। यसका लागि दलहरुले विवेकको प्रयोग गर्दै गैरपार्टी पंक्तिका स्वतन्त्र व्यक्तिहरुलाई पनि उम्मेदवार बनाउन सक्नुपर्थ्यो । तर त्यो भएन, दलहरुले पार्टीकै व्यक्तिहरु, नेता नजिकका व्यक्तिहरु र नेताका समूहगत भागबन्डामा परेका व्यक्तिहरुलाई जागिर खाने थलोका रुपमा राष्टिगैरपार्टी पंक्तिका स्वतन्त्र व्यक्तिहरुलाई पनि उम्मेदवार बनाउन सक्नुपर्थ्यो । तर त्यो भएन, दलहरुले पार्टीकै व्यक्तिहरु, नेता नजिकका व्यक्तिहरु र नेताका समूहगत भागबन्डामा परेका व्यक्तिहरुलाई जागिर खाने थलोका रुपमा राष्ट्रिय सभाको निर्माण हुने देखिन्छ । जसले गर्दा राष्ट्रियसभामा केवल पार्टीहरुकै डम्पिङ केन्द्र बन्ने निश्चित छ ।

## नयाँ सरकारलाई ठूलो भारी

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले अब बन्ने नयाँ सरकारलाई गतिलै भारी बोकाइदिने भएका छन् । सरकारले एकपछि अर्को लोकप्रिय निर्णय गर्दै नयाँ बन्ने सरकारलाई खर्चको जोहो गर्न हम्मे पर्ने स्थिति सिर्जना गरिदिएको छ । सरकारले केही समय अघि मात्र मृगौला क्यान्सर लगायतका असाध्य रोगका बिरामीहरुलाई मासिक पाँच हजारका दरले औषधि खर्च दिने निर्णय गरेको थियो । उक्त निर्णय बमोजिमको आवश्यक रकम स्वास्थ्य मन्त्रालयले माग गर्दा अर्थ मन्त्रालयले दिन सकिरहेको छैन ।

गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकले सामाजिक सुरक्षा भत्ताका रुपमा ज्येष्ठ नागरिकलाई वितरण गरिने भत्ता पाउने उमेर हद ६५ वर्ष तोकिदिएको छ। अहिलेसम्म सरकारले ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई मासिक एक हजार सामाजिक सुरक्षा भत्ता र एक हजार औषधि उपचार खर्च गरी दुई हजार रुपैयाँ दिँदै आएको थियो । सरकारको यो निर्णयले भत्ता पाउनेको ठूलो संख्या वृद्धि हुने र भत्ताका लागि अर्बौं जोहो गर्नुपर्ने हुन्छ ।

सरकारको निर्णयले ६० वर्ष उमेरमा भत्ता पाइरहेका कर्णालीबासी नागरिक र मुलुकभरका **बाँकी ८ पेजमा**

## डिभिजन सडक कार्यालयमा तालाबन्दी




काठमाडौं। ठेकेदारलाई काम लगाउने तर निर्माण कार्य सम्पन्न नभएपछि भुक्तानी नदिई झुलाउने कार्यको विरोध गर्दै निर्माण व्यवसायीहरुले डिभिजन सडक कार्यालय काठमाडौंमा तालाबन्दी गरेका छन् ।

बिहीबार बिहान १० बजेकै समयमा मीन भवनस्थित ट्रलीबस पछाडि रहेको डिभिजन सडक कार्यालय काठमाडौं १ को कार्यालयमा **बाँकी ८ पेजमा**

## नेपाली किसानमारा भारतीय नीति

काठमाडौं । नेपालको आर्थिक प्रगतिको बाधकका रुपमा रहेको भारतले नेपालको कृषि क्षेत्र तहसनहस पार्ने षड्यन्त्र गरेको छ। भारतले अलैंची, अदुवालगायतका नगदेबाली निकासीमा अवरोध गराएका कारण त्यसको सोझो असर किसानमा पर्दै आएको छ। नेपालमा अलैंची खेतीको मुलुकभर विस्तार भएर पहाडी क्षेत्रका कृषकहरुले आयआर्जन गर्रा आत्मनिर्भरताको बाटोमा लागेका थिए । अलैंचीको मूल्य झन्डै एक लाख रुपैयाँ प्रतिमन (४० केजी) भन्दामाथि लागिसकेको थियो । अलैंचीबाट अर्बौं रकम आम्दानी हुन थालेपछि भारतले घुमाउरो पाराले षड्यन्त्र गर्न थाल्यो । उसको सिक्किम र दार्जिलिङमा मात्र अलैंची उत्पादन हुन्थ्यो भने नेपाल अलैंची निर्यातको लागि प्रमुख राष्ट्र बनिरहेको





थियो। यस्तैमा नेपालको अलैंचीमा तिब्बतको अलैंची मिसिएको जस्ता हल्ला मच्चाएर अलैंचीको भाउ आधाभन्दा तल प्रतिमन तीस हजारमा झारिदियो । अहिले बल्ल चालीस हजारको हाराहारीमा अलैंचीको मूल्य पुगेको छ ।

भारतको गिद्देदृष्टि नेपाली अदुवामाथि पनि परेको छ। पूर्वदेखि पश्चिमसम्मका पहाडी क्षेत्रमा उत्पादन हुने अदुवा भारततर्फ निकासी भइरहेको अवस्थामा नेपाली अदुवामा रासायनिक मल र विषादीको अत्यधिक प्रयोग भएको र चिनियाँ अदुवा समेत नेपालीको नाममा मिसिएको आरोप भारतीयले लगाए जसले गर्दा गत दुई वर्षदेखि अदुवा निकासीमा समस्या पैदा भएको थियो। अहिले भारत निकासीमा लागि भन्सारमा पुर्‍याइएको ६५ वटा अदुवा लोड भएका ट्रक काँकडभिट्टा भन्सारमा रोकिएका छन् । भारतीय भन्सार पानीटैंकीले भारतीय व्यापारीले कानुनी प्रक्रिया पूरा नगरी नेपाली अदुवा आयात गरेको भन्दै अवरोध गरेको हो । यसरी रोकिएको नौ सय टन काँचो **बाँकी ८ पेजमा**

## सीमा विवाद सर्वोच्चमा

काठमाडौं। भारतले वीरगन्जको छपकैयामा मिचेको ५० बिघा जग्गाको विषयमा सर्वोच्च अदालतमा रिट परेको छ । अधिवक्ता यज्ञमणि न्यौपानेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नापी विभाग, नेपाल भारत सीमा सर्वेक्षण टोलीका नेपाली प्रमुख नापी अधिकृत रमेश ज्ञवाली र जिल्ला प्रशासन कार्यालय पर्सालाई विपक्षी बनाई गत मंगलबार रिट निवेदन दर्ता गराएका छन् ।

अधिवक्ता न्यौपानेले सन्धि विपरीत भूमि अतिक्रमण भई गुम्ने, सीमा क्षेत्रका परिवार भूमिविहीन हुने, सीमाका नेपाली राष्ट्र र राष्ट्रियताविहीन भई बिचल्ली हुने भएकाले अन्तरिम आदेश जारी गरी पिलर राख्ने काम तत्काल रोक्न सर्वोच्चसमक्ष माग गरेका छन् ।

वीरगन्जको छपकैयामा सिर्सिया खोला धारतर्फ तीन सय मिटर जति नेपाली भूमि मिची मूल पिलर राखिनु सुगौली सन्धिले किटान गरेको क्षेत्र विपरीत कार्य भएको रिट निवेदनमा उल्लेख गर्दै नेपालको सीमा मिचिएको र नेपालीको घरबास उठेकाले उक्त कार्य तत्काल रोक्न निवेदनमा माग गरिएको छ ।

यसैबीच सीमा अतिक्रमणको बारेमा सबैतिरबाट चर्को दबाब परेपछि घटनास्थलमा पुगेको नापी विभागको टोलीले समेत सीमा **बाँकी ८ पेजमा**

## फिल्टर हस्तान्तरण




काठमाडौं । रोटरी क्लब डिल्लीबजारले पनौतीमा रहेको बालिका पुनर्स्थापन केन्द्रलाई सोमबार एक थान पानी शुद्धीकरण गर्ने पाउल फिल्टर हस्तान्तरण गरेको छ । उक्त फिल्टरले दिनमा १० हजार लिटर पानी शुद्धीकरण गर्दछ जसको लागि कुनै पनि बिजुलीको आवश्यकता पर्दैन ।

१२ वर्षको ग्यारेन्टी भएको उक्त फिल्टर जर्मनीको **बाँकी ८ पेजमा**

## देश बनाउन नेता सुध्रनैपर्छ

■ **राजेन्द्र शर्मा**

महाभारत युद्धमा भिष्म पितामह अर्जुनद्वारा प्रहार गरिएका वाणको ओछ्यानमा परेपछि युधिष्ठिर लगायतका पाण्डवहरु पितामहसँग उपदेश माग्न जान्छन् । पितामह र युधिष्ठिरबीच विभिन्न विषयमा संवाद हुन्छ । अनि युधिष्ठिरले भिष्मलाई राजामा के कस्ता गुण हुनुपर्छ भनेर प्रश्न गर्छन्। भिष्मको जवाफ यस्तो हुन्छ-

*'सिंहका सरी निर्भय रहनमा*
*होसमा कुकुरकै सरी*
*गिद्दैका सरी दृष्टिमा सरपझैं*
*छिर्नु परेका घरी*
*गर्दा खोजतलास जो नृपति फेर होला बकुल्लो समान*
*त्यही राजाकन राजयोग्य बुझिलिई गर्छन् त्यहाँ पूर्णमान ॥'*

अर्थात् सिंहजस्तो निडर, कुकुरजस्तो चलाख, गिद्दजस्तो दूरदृष्टि भएको, सर्पको जस्तो लचकता, अध्ययन अनुसन्धानका क्रममा बकुल्लो समान ध्यानी गुणले युक्त राजा भएको खण्डमा प्रजाहरुबाट पूर्ण मान सम्मान मिल्छ भनिएका छ । अहिले राजा नभएको अवस्थामा राज्य सञ्चालन गर्ने तहमा भएका नेतामा पनि यस्ता गुणहरु विद्यमान रहेको खण्डमा पक्कै पनि जनताबाट मान सम्मान पूर्ण रुपमा प्राप्त हुन सक्छ । तर हाम्रा नेताहरु गुणभन्दा पनि थुप्रै दुर्गुणको भारी बोकेर हिँडिरहेका छन् । त्यसैले नेपाल र नेपालीको दुर्भाग्य नै भन्नुपर्छ घरमा सम्मानपूर्वक फोटो टाँसेर आदर गर्न योग्य एकजना पनि गतिलो नेता हामीले प्राप्त गर्न सकेनौं ।

देश बनाउने नेतृत्व एउटैले लिने हो जसमा आत्मविश्वास र सही दृष्टिकोण हुनुपर्छ । लि क्वानले जसरी सिंगापुर बनाए, महाथिर मोहमदले मलेसिया, देङ सिआओ पिङ र सिजिन पिङको आर्थिक भिजनले चीन जसरी विश्वकै सबल राष्ट्र र अब्बल अर्थतन्त्र बन्न सक्यो। नेपालसँगै योजनाबद्ध विकास थालेको दक्षिण कोरया नेपालीको लागि आकर्षक रोजगारको गन्तव्य बनेको छ ।

नेपालीको हैसियत कोरियामा जाँच पास गरेर तल्लो तहको काम गर्न जाने श्रमिकको मात्र रहेको छ । एकलव्य ढंगले हतियार र सेनाको विकासमा लागेको उत्तरकोरियाले विश्वकै शक्तिशाली अमेरिकालाई हल्लाइदिएको छ । छिमेकी भारतकै कुरा गर्ने हो भने विज्ञान प्रविधिको विकास र आर्थिक विकासको शिखर निरन्तर चढिरहेको छ। विश्वका जति पनि विकसित मुलुकहरु छन् ती सबै सक्षम र दूरदर्शी नेतृत्वकै उपज हुन् ।

हाम्रा नेताहरु जनता उकासेर आन्दोलन गर्न सफल भए पनि आन्दोलनपछिको व्यवस्थापनमा असफल बन्दै आएका छन् । बीपीदेखि प्रचण्डसम्ममै यो कुरा लागू हुन्छ । त्यसैगरी देश र जनताप्रति भन्दा विदेशी शक्तिप्रतिको नेताको भक्तिभाव र लगावले पनि हामीलाई समृद्धिभन्दा गरिबी दिएको छ। अब नेतृत्व गर्नेहरुको चेत फिर्न जरुरी छ। होइन भने हामी सदासर्वदा विदेशीका सेवक बन्ने क्रमबाट मुक्त हुन सक्दैनौं । मुलुकमै रोजगारी सिर्जना गराएर कुहिरेलाई भान्से राख्ने सपना बाँड्न पछि नपर्ने नेताहरु नसप्रेसम्म मुलुक सप्रिंदैन। हाम्रा नेताका पूर्व पश्चिमका रेल

कुदाउने, सहरमा मोनोरेल कुदाउने, १० वर्षमा १० हजार मेगावाट बिजुली निकाल्ने सपनाको भूतले उनीहरुलाई नै तर्साइरहनेछ ।




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक: तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक: कृष्णराज दुलाल
प्रबन्ध निर्देशक: किरण थापा
अतिथि सम्पादक: विष्णु भट्टराई
सम्पादन सहयोगी: घनश्याम ओली/गोविन्द विक
बजार व्यवस्थापन: रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# संघीयताले नै संघीयता ढाल्ला जस्तो छ



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

राणाहरुलाई ल्याइते अनि ब्याइते भएको आधारमा एबीसी क्लासमा विभाजन गरेकै कारण राणा शासन पतन भयो। पंचहरुमा अनुदारवाद हाबी भएकै कारण पंचायत व्यवस्थाले जनमतसंग्रह झेल्दै २०४६ मा गएर आफैंलाई सिध्यायो।

२०४७ मा आएको बहुदलीय व्यवस्थाले जनजीविका र राष्ट्रवादको ग्यारेन्टी गर्नु त परै जाओस् राष्ट्रघात, भ्रष्टाचार, नातावाद, कृपावादलाई प्रश्रय दिएको कारण ज्ञानेन्द्रले मौकामा चौका हान्दै पंचायत व्यवस्था पुनः लागू गर्ने भन्दै अंचलाधीसको पुनर्स्थापन गरे। बाबु महेन्द्रले जस्तै मन्त्रिपरिषदको अध्यक्ष आफैं बने। तर परिणति नेपालबाट राजतन्त्र नै अन्त्य भयो। संघीयता, गणतन्त्र, र धर्मनिरपेक्षताको नारा दिंदै बनेको संविधानसभाले नेपालको संविधान बनायो। त्यसलाई कार्यान्वयन गर्दै जाँदा स्थानीय, प्रदेश संसद अनि संघीय व्यवस्थापिका प्रतिनिधिसभाको निर्वाचन पनि सकिएको छ। सबै एकै स्वरले अब राजनीतिक समस्या हल भयो आर्थिक समृद्धिले छलाङ लिन्छ भन्न थालेका छन।

**अब बनेका जनप्रतिनिधिहरूलाई तलवभत्ता उपचार खर्च अनि सुविधामात्रै बाँड्न पनि अर्को खरब रूपैयाँ चाहिन्छ। यो रकम देशले कहाँबाट कमाउँछ ? हुण्डीबाट ?**

अर्कोतिर यो संघीयतालाई निरन्तरता दिने पैसा कहाँबाट आउँछ भनेर प्रश्न गर्दैछन्। झन् अरुहरु केन्द्रमा (Macro Level) भएको भ्रष्टाचार अब वडासम्म (Micro Level) पुगी देश झनै भ्रष्टाचारमय भई संघीय अर्थ व्यवस्थापन गर्न नसक्दा देश टाट पल्टन्छ पनि भन्दै छन्। सत्य कुरा र आफैंले भोगेको कुरा चाहीँ के हो भने स्थानीयदेखि प्रतिनिधिसभासम्मको चुनाव जित्न दल र उमेदवारहरुले न्यूनतम करोड र अधिकतम अरब रुपैयाँसम्म खर्च गरे। चुनाव व्यवस्थापन गर्न निर्वाचन आयोगले झण्डै खरब रुपैयाँ खर्च गरेको छ। अब बनेका जनप्रतिनिधिहरुलाई तलवभत्ता उपचार खर्च अनि सुविधामात्रै बाँड्न पनि अर्को खरब रुपैयाँ चाहिन्छ। यो रकम देशले कहाँबाट कमाउँछ ? हुण्डीबाट ?

निर्यात ब्यापार आयातको तुलनामा ज्यादै न्यून छ। धितोको जमानीमा राष्ट्रबैंकले नोट छाप्दा त बजारमा वस्तुभन्दा बढी पैसाको आयतन बढ्न गई दोहोरो अंकमा महंगी बढ्न थालिसक्यो भने अब त सरकारको साधारण खर्चमात्रै धान्न पनि करको दायरा १००० भन्दा बढी प्रतिशतले बढाउनुपर्छ भने करको दर पनि त्यसरी नै बढाउनुपर्ने हुन्छ। यसरी प्राप्त हुने राजस्वले संघीय गणतन्त्र नेपालको वर्तमान र भूतपूर्व राजनीतिकर्मी र कर्मचारीको खर्चमात्रै धान्न सरकारलाई धौधौ पर्ने अवस्थामा कहाँबाट पैसा ल्याएर विकास योजना संचालन गर्ने ? अनि कहाँबाट सम्भव हुन्छ आर्थिक समृद्धि र छलाङका कुरा ?

करको बोझलाई जनताले थेग्न सकेन भने प्रमुख राजनीतिक दलहरुको हेडक्वाटर ध्वस्त अभियान सुरु नहोला भन्ने कुराको के ग्यारेन्टी ? त्यस्तो अवस्था आउने परिस्थिति संघीय गणतन्त्रात्मक संविधान कार्यान्वयनको चरणमा नै देखा परिसकेको छ। आउने दिन यो अवस्था झनै खस्कने स्वभाविक छ। जसको परिणति देश फेरि निरंकुश शासनतर्फ फर्खनुपर्ने स्थिति आयो भने संघीय व्यवस्था नै संघीयताको काल बनेर नआउला भन्न सकिंदैन। नेपालको राजनीतिक इतिहासको उचित विश्लेषण गर्ने हो भने संघीयताले नै नेपालको संघीयतालाई ढाल्ला जस्तो देखिन्छ।

# हाम्रै नेपाली नेतासँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

नेपाल-भारत प्रबुद्ध समूह (इपीजी) कुरा आफैं प्रधानमन्त्री भएको बेलामा उठाएको भनी दैनिक अन्नपूर्णसँगको अन्तर्वार्तामा अन्तिम प्रश्नको जवाफमा गोर्खाबाट वर्तमान निर्वाचित सांसद बाबुराम भट्टराईले बताउनुभयो। मुख्य रुपमा आर्थिक परनिर्भरता हटाएपछि ठूला देशले हेप्न सक्दैनन् पनि भनियो। नेपाल भारत व्यापार १५ गुना बढी भइसक्यो।

नेपालका शासक वर्गले हेपाइ चिर्न सकेनन् भन्दा यी सबै कुरा आफैं प्रधानमन्त्री शासक भएको बखत पनि समाधान गरी सक्नुपर्ने होइन र ? त्यो समाधान भएकै देखिएन। त्यही दिन कान्तिपुर दैनिकमा २०७४-१०-७ मै बासी खबर प्रदेश समाचार पृष्ठ ५ मा छाप्दा वीरगन्ज छपकैयामा नेपाल भारतको पिलर खोलाले बगाउँदा करिब ५० बिगाहा २०२२ को नेपाली लालपुर्जाको जग्गा भारततर्फ परेको छ। बर्दिया कालाबजार तथा रत्नपुर दशगजा नै मिचेर २०३७ को जंगल भएको ठाउँमा बस्ती र सडकमय बनेको छ भन्ने समेत समाचारै नहुनुपर्ने हो। किनभने नेपाली नापी विभागले आकाशको र खोलाको पानीभित्र पनि सिमाना कायम गर्ने सिद्धान्त र मान्यता पनि बुझेकै छ। यो पनि सत्य नै होइन र ? अन्तर्राष्ट्रिय मान्यता नै छैनन् र ?

तैपनि अमेरिकाले मेक्सिकोसँग अथवा अफगानिस्तान र अरब आदि मुलुकसँग प्रभुत्व देखाउनै नपर्ने थियो। परन्तु यी सबै समस्या समाधान गर्न संयुक्त राष्ट्र संघ आदिका मानवतावादी सिद्धान्तहरु संसारभर सर्वप्रिय भएकै छन्। अझै पनि विश्व दुःखी नै छ सुखबाट दुःख होइन, दुःखबाट सुख खोजौं भन्नु परेकै छ। हाम्रो नेपालको नेता वर्गहरुबाट सर्वप्रथम न्याय क्षेत्र शुद्ध र हस्तक्षेपरहित राख्नैपर्छ। न्यायको बाटोमा छेकारो हाल्दा नै सबै आर्थिक र नैतिक दुःख बढ्दै जाने हुन् भनेर नै संसारभर प्रजातन्त्र लोकप्रिय हुँदै गएको हो। भ्रष्ट आचरणहरु तिरस्कृत गर्नुपर्छ भन्ने मानिएकै हो। यसैले त्यही दिनको अन्तर्वार्तामा आफ्नो नयाँ शक्ति ठूलो र पुराना मान्यता साना हुन भन्नैपर्ने थिएन। भ्रष्ट आचरणमा नयाँ र पुरानाको भेद हुँदैन भन्ने कुराको पुष्टि पहिलेको पञ्चायतकालमा केशरजंग रायमाझी प्रसंग पनि उहाँकै प्रसंग हो। प्रत्येक नेता कार्यकर्ता र व्यक्तिले भ्रष्टता आफैं त्याग्ने वा हुने सजाय खप्नैपर्ने प्रस्ट भएन र ? डा. गोविन्द केसीले न्याय क्षेत्र त्यस्तै राख्न खोजेका हुन्। यही मान्यतामा केपी ओली, पुष्पकमल, शेरबहादुर देउवाको समग्र कांग्रेस पूर्वराजा र कमल थापाहरुका दलहरु आदि चल्न सक्नुपर्छ। पुँजीपतिहरुको बाटो पनि यही नै होइन र ?

यो कसले गर्ने त ? प्रस्टै छ भारतमा महात्मा गान्धी एक्लैले, अमेरिकामा जर्ज वासिङटन एक्लैले, अफ्रिकामा नेल्सन मण्डेलाले एक्लैले गरेकै छन्। नेपालीलाई हाम्रा नेता हामी कमजोर छौं, हामी साना छौं भन्छन् भने ती नेता नै साना र कमजोरै रहनेछन्। मोहनशमशेर, पद्मशमशेरले भारतमा रहेका बैंक पैसा लोभले दार्जिलिङमा पाकिस्तानले मेरो हो भनी झन्डा गाड्दा चुप रहे भन्दैमा दार्जिलिङबासी सुभास घिसिङले दार्जिलिङ नेपालै हो नलिए नो म्यान्स ल्यान्ड भनी सर्वोच्च न्यायिक निकायसम्मै पुगे। त्यहींका राजनीतिकर्मी त्यति पनि आँट नगरी गोर्खा ल्यान्ड मात्र माग्दै छन्। नेपालका भ्रष्टाचार प्रिय नेताहरु आफूलाई साना भन्दाभन्दै पहिले धनी होउ अनि तिम्रो हक आउँछ भनी आफैं भिखारी भएको पत्तै पाउँदैनन्। अर्थशास्त्रीहरु नै धनी गराउँछ कसले ? र गरिब गराउँछ कसले ? भन्नै सक्दैनन् बुझ पचाउँछन्।

प्रस्टवादिताबिनाको वार्ताले ७२ ठाउँमा भारतले सिमाना मिचिरहेछ र आकाशमा र पानीभित्र पनि सीमा हुन्छ भन्ने नापी विज्ञहरुले पानीभित्र र पानीपारि पनि नेपाली सीमा छ है भन्न सकेका छैनन् र बर्दिया पर्सा मेची नदीपारि समेत ७२ ठाउँमा सीमा मिच्न दिएका छन्। त्यो के कारणले र कसका बदनियतले हो ? भनी हेर्न पर्‍यो भने अहिले पनि १८१४-१६ का नेपाल अंग्रेज युद्ध हुनुअगाडि समेतका नक्सा फोटो आदि विद्यमानै छन् भन्न किन गाह्रो परेको हो ? ती सम्पूर्ण साधनले यथार्थ पत्ता लगाउन ज्ञान चक्षु पनि चाहिने हो कि ?

अर्कातिर हाम्रै दार्चुलामा नेपाललाई साक्षी नै नराखेर लिपुलेख प्रकरणमा चीन भारत किन मिल्नुपरेको हो ? चीनले सिक्किम भारतैको हो भन्ने र भारतले तिब्बत चीनकै हो भनी नक्सा किन साट्नु परेको हो ? भुटान सीमा नजिकै दोक्लाममा भारत चीन किन विवाद भयो ? त्यहाँ पनि केही त थियो कि भनी हाम्रै माथि उल्लेखित बाबुराम केपी ओलीदेखि हाम्रा सम्पूर्ण नेताहरुले सोधे हुन्न र ? यति गर्दा त राम्रो हुँदो हो। यसैले त यो हरफकर्ताले नेता त नेता नेपाली हुन कि विदेशी ? भनी यसै स्तम्भमा २०७४ पुस २१ गते शुक्रबार नै प्रस्ट रुपमै सोध्नुपरेको हो।

## सम्पादकीय

# सीमा रक्षाका लागि एकजुट बन्नैपर्छ

नेपाल-भारतबीच रहेको खुला सिमानाको फाइदा उठाउँदै भारतले नेपाली भूमिमाथिको अतिक्रमण बढाउँदै लगेको छ। पूर्वदेखि पश्चिमसम्म दक्षिणतर्फको भूभाग भारतसँग सीमा जोडिएको र यही भूभागमा अतिक्रमणका घटना पनि निरन्तर भइरहेका छन्। दक्षिणी सीमामा खेतीपाती र बसोबासको लागि अत्यन्तै राम्रो र उर्वर जमिन रहेको छ। नेपालको जनसंख्याको ठूलो हिस्सा बसोबास गर्ने तराई मधेसको भूमिमाथि भारतले थिचोमिचो गर्दै आएको छ। कञ्चनपुरको पुनर्वासमा भएको अतिक्रमणको घटनामा नेपाली नागरिकले ज्यान गुमाउनुपरेको पीडा ताजै रहेको अवस्थामा पर्साको छपकैयामा ५० बिघा भूमि अतिक्रमणमा परेको खबर सार्वजनिक भएपछि देशभक्त नेपाली जनता फेरि जुर्मुराएर उठेका छन्। जनताले चर्को खबरदारी गरेको र सञ्चारमाध्यमहरूले निरन्तर समाचार सम्प्रेषण गरेका कारण नापी विभागका महानिर्देशक सहितको टोली घटनास्थलमा जान बाध्य भयो। अहिले सच्याउने प्रयास भइरहेको छ।

नापी विभागका अधिकारीहरूले सीमा व्यवस्थापनका क्रममा भारतीय भूमि पनि नेपालमा परेको र नेपालको पनि भारतमा पर्न गएको भनेर गोलमटोल जवाफ दिने गरेका छन्। नेपाली किसानले खेतीपाती गरिरहेको र साथमा लालपुर्जा भएको जमिन सीमा मिलाउने नाममा भारतलाई सुम्पनु गलत कार्य हो। भारतको भूमि नेपालमा परेको भनेर झूटो कुरा बोल्दै बराबरी भइहाल्यो नि भन्ने खालको काइते कुरा गरेर नेपाली भूमि अतिक्रमण कार्यलाई कदापि प्रोत्साहित गर्नु हुँदैन। स्थानीय जनताको समेत राय, सुझाव लिन जरूरी छ। सीमा क्षेत्रका जनताले छिमेकीको ठूलो पीडा खेप्दै आएका छन्। कहिले बाँध बाँधेर घरबार डुबाइदिने, कहिले नम्बरी जग्गा हडपेर उठिबास बनाउने काम भारतीयले गरिरहेका छन्। हाम्रो सरकारको भूमिका अत्यन्तै कमजोर रहेको छ। सरकार सञ्चालन गर्नेहरू समेत नेपाली तन र भारतीय मनका हुने गरेका छन्। भारतीय दलालहरूको सत्तामा समेत हालीमुहाली हुने गरेकाले जस्तोसुकै थिचोमिचो र अतिक्रमणमा पनि उनीहरू चुँसम्म गर्दैनन्। कर्मचारीसमेत त्रसित मनस्थितिका रहेका छन्। भारतीयका सामु उनीहरू निरीह हुने गरेकाले भारतले पेल्ने गरेको छ। सीमा व्यवस्थापनमा खटिएका नेपाली कर्मचारीहरूको भूमिका समेत भारतीयको बोलीमा लोली मिलाउने जस्तो मात्र देखिएको छ। होइन भने त्यत्रो परिमाणको भूमि भारततर्फ पर्न लाग्दा सीमा स्तम्भ गाड्न सहमति दिने थिएनन्।

भारतले विभिन्न उपायबाट नेपाललाई खुम्च्याउने चेष्टा गरिरहेको छ। उसलाई ठूलो जनसंख्याको भारत धान्न थुप्रै जमिन चाहिएको छ। नेपालजस्ता कमजोर छिमेकीलाई उसले विभिन्न कोणबाट सताएर भए पनि खुम्च्याउने चेष्टा गरिरहन्छ। दशगजामा बाटो बनाउने, बाँध बनाउने, सीमा स्तम्भहरू उखेलेर फाल्ने जस्ता क्रियाकलाप रोक्न हामीले गम्भीरतापूर्वक लाग्नैपर्ने हुन्छ। अनेर स्ववियुका केही विद्यार्थी नेताहरूले अतिक्रमित क्षेत्रमा पुगेर राष्ट्रिय झन्डा उठाएका छन्। माउ पार्टीका नेताहरूको भूमिका जे जस्तो भए पनि विद्यार्थी नेताहरूको भूमिका प्रशंसनीय छ। सीमा रक्षाका लागि सबै एकजुट बन्नैपर्छ। एक इन्च मात्र पनि नेपाली भूमि अब कसैलाई दिनुहुन्न। पहिला भूमिसँग सत्ताको सौदा गर्ने दलालहरूले सुम्पिएको भूमि फर्काउन समेत हामीले पहल गर्नुपर्छ। सञ्चारमाध्यमहरू समेत अहिले जस्तै एकजुट भएर अतिक्रमणका विरूद्धमा जाइलाग्नैपर्छ। नेपाल र नेपालीको अस्तित्व रक्षाका लागि जस्तोसुकै कठोर संघर्ष गर्न समेत तयार भएमा मात्र पुर्खाको नासो सुरक्षित रहनेछ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी ।'

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

**सुदर्शन प्रधान**

# वागीश्वरी संरक्षण सङ्घर्ष : संक्षिप्त सिंहावलोकन (२)

२०४६ सालको जनआन्दोलनपछि गठित सर्वदलीय अन्तरिम सरकारलाई सो पार्टीले विभिन्न सूत्रहरू लगाएर फेरि घचघच्यायो तर अन्तरिम सरकारले त्यस्तो विवादास्पद र दूरगामी प्रभाव पार्ने कुरामा कुनै चासो राख्ने कुरै भएन।

२०४८ सालको आमनिर्वाचनपश्चात् गठन भएको नेपाली काङ्ग्रेसको एकमना सरकारबाट आफ्नो मनसुवा पूरा हुने ठानेर कथित मेडिकल साइन्स कलेजका पात्र जी. कुन्डा अमेरिकाबाट नेपाल धाउन थाले र सरकारी अधिकारीहरूसँग साँठगाँठ बढाए। 'दान' र 'भेद' (दान भन्नाले डलर हो भने भेदको अर्थ जी. कुन्डाको छक्कलाग्दो भेष। नेपालीहरूका अगाडि हिउँदा-वर्षा सधैं ऊ उनीको कम्बल लगाएर हिंड्थ्यो तर अगिपछिचाहिँ 'थ्री पिस') को माध्यमबाट विवादास्पद पात्र जी. कुन्डाले यहाँका वैचारिक र भौतिक दरिद्रहरूलाई आफ्नो मुठीमा राम्रै गरी पारेपछि २०५० साउनमा श्री ५ को सरकार र मेडिकल साइन्स कलेजबीच द्विपक्षीय सम्झौता भयो।

प्रजातान्त्रिक भनिएको तत्कालीन गिरिजा सरकारले गरेको उपरोक्त सम्झौता कति हचुवा र प्रक्रियागत त्रुटिपूर्ण रहेछ भने त्रि.वि. र नेपाल चिकित्सा परिषद्बाट समेत मान्यता नपाएको सो मेडिकल कलेज त्यस्तो मान्यता प्राप्त गर्न योग्यसमेत रहेनछ। अनि मुलुकको कुनै पनि ठाउँमा निर्माण गरिने निर्माण कार्यको विषयमा स्थानीय जनता र निकाय पहिलो महत्त्वपूर्ण सरोकारवाला हुन्छ, जससँग सम्बन्धित विषयमा प्रत्यक्ष सम्बन्ध रहन्छ।

कुनै पनि प्रजातन्त्रप्रेमी सरकारले यस्तो कुरालाई पालना गरेको हुनुपर्छ तर गिरिजा सरकारले यो कुराको कुनै वास्ता गरेन। आफ्नै पार्टीको स्थानीय नेतृत्वसँग पनि कुनै सल्लाह लिएन। त्यसैले 'वागीश्वरीको २८ हेक्टर जङ्गल मेडिकल कलेजले पायो' भन्ने कुरा प्रचार हुनासाथ यहाँ कडा प्रतिक्रिया आए। चितवन जिल्ला विकास समिति, भरतपुर नगरपालिका र उद्योग वाणिज्य सङ्घ (नारायणगढ) ले चर्को विरोध गरे। बिस्तारै यहाँ ताता बहसहरू चल्न थाले। जङ्गलभित्र स्थापित भई वातावरणीय विनाश गर्ने मेडिकल कलेजविरूद्ध विभिन्न आवाज उठे। केही अदूरदर्शी व्यक्तिहरूबाहेक सबैले सरकारको उपरोक्त निर्णय गलत रहेको ठहर गरे।

**२. शिलान्यासको नाटक**

२०५० साउनदेखि वागीश्वरीको जङ्गलमा मेडिकल कलेज स्थापित हुने वा नहुने भन्ने विषयमा विवाद उठेपछि खलनायक जी. कुन्डाले थप षड्यन्त्र गर्न थाल्यो। यस सन्दर्भमा सर्वप्रथम चितवनका स्थानीय काङ्ग्रेस नेता र कार्यकर्ताहरूको समर्थन लिन केन्द्रीय स्तरका नेताहरूसँग आफ्नो घनिष्ठता बढाएर केके गर्‍यो, उनीहरू नै जानून् तर चितवनमा चाहिँ काङ्ग्रेसभित्रकै गिरिजा समर्थित नेता र कार्यकर्ताहरू मेडिकल कलेज सम्बन्धमा मौन बसे र प्रत्यक्ष/परोक्ष मेडिकल कलेजलाई सहयोग गर्ने कार्य गरे।

सत्तासीन पार्टीभित्रको महत्त्वपूर्ण शक्तिलाई प्रभाव पारेपछि जी. कुन्डा अब प्रमुख प्रतिपक्षी दल तथा अन्य कम्युनिस्टहरूलाई आफ्नो प्रभावमा पार्ने दौडमा लाग्यो। यस क्रममा तत्कालीन ने.क.पा. (बर्मा) का नेता कृष्णराज बर्मा, ने.क.पा. मानन्धरबाट विजयी तत्कालीन सांसद् भीमबहादुर श्रेष्ठ, एमाले सांसद् जाग्रितप्रसाद भेटवालहरू मेडिकल कलेजको समर्थनमा प्रचार गर्न थाले। यसमा भीमबहादुर श्रेष्ठ सबभन्दा सक्रिय थिए।

२०५० चैतमा जी. कुन्डाहरूले वागीश्वरीको जङ्गलमा मेडिकल कलेजका लागि शिलान्यासको कार्यक्रम राखे। मेडिकल लाइनसँग कुनै नाता नभएको काठमाडौं युनिभर्सिटीका तत्कालीन उपकुलपति सुरेशराज शर्माको हातबाट शिलान्यास भयो। कृष्णराज बर्मा, भीमबहादुर श्रेष्ठलगायतका अरू कम्युनिस्टहरूको पनि राम्रै जमघट थियो तर नेपाली काङ्ग्रेसका कुनै नेताहरूले त्यहाँ अनुहार देखाएनन्। केवल एक स्थानीय कार्यकर्ता मुक्तिराज तिमिल्सिना मात्र उपस्थित थिए, अनि कलेजका कर्मचारीहरू।

**३. वन फडानी सुरू**

शिलान्यास कार्यक्रम सम्पन्न भएपछि मेडिकल कलेजले झाडी फाँड्ने निहुँमा ४२ बिघा क्षेत्रफलभित्रका ५ लाखभन्दा बढी बोटबिरूवा काटेर चाङ लगाए। झन्डै १,५०० ठूलठूला वृक्षहरूमा जिल्ला वन कार्यालय, चितवनले टाँचा लगाएर अरू बोटविरूवाहरूप्रति बेवास्ता गर्‍यो। यसका कारण साना र हुर्कंदै गरेका साल, सादन, साज, करम, बुल्ड्याङ्ग्रोलगायतका अरू धेरै प्रकारका जडीबुटीहरू विनाश गरे। यी काटिएर चाङ लगाएका बोटबिरूवाहरू धेरैजसो उनीहरूले जलाएर खाग बनाए त कुनै दाउरे सुकुम्बासीहरूले ओसारे।

**४. सङ्घर्षको सुरूआत**

सरकारी कदम र मेडिकल कलेजको जथाभाबीविरूद्ध पहिले पनि आवाज उठिरहेकै हो तर वागीश्वरीको जङ्गल फाँड्न थालेपछि भने विरोधका आवाज अरू तीव्र बने। यस क्रममा सो मेडिकल कलेजविरूद्ध सर्वप्रथम २०५१ असार २८ गते नेपाल पर्यावरण संरक्षण तथा संवर्द्धन सङ्घ (EPPAN) केन्द्रीय समितिको नेतृत्वमा भनपा का विभिन्न स्कुलका विद्यार्थी र देवघाटका धार्मिक माई, महात्मा र कल्पवासीहरूको जुलुसले नारायणगढ बजारमा गगनभेदी नारा लगाउँदै नगर परिक्रमा गरी वागीश्वरीमा आमसभामा परिणत भयो।

प्राकृतिक वन विनाश गरेर जङ्गलभित्र मेडिकल कलेज स्थापित हुनु कुनै पनि अर्थमा राम्रो होइन, वन्यजन्तु र पक्षीहरूको वासस्थान ध्वस्त पारेर केही देशीविदेशी तत्त्वहरूले निजी स्वार्थ पूर्ति गर्नु, पुरातात्त्विक तथा ऐतिहासिक वस्तुहरूलाई तिलाञ्जली दिएर देवघाट-वागीश्वरीजस्तो धार्मिक क्षेत्रको उपहास गर्नु राष्ट्रघाती कार्य हो भने धरतीद्रोही र जनद्रोही पनि हो।

(क्रमशः)

# मैले देखेको तीसौं विश्व सम्पदा : स्पायरको काइजर डोम

सुरेन्द्र ढकाल



आकाशबाट हेर्दा स्पायर सहर र डोम



दक्षिणबाट डोम यस्तो देखिन्छ




डोमको भित्री भाग र स्तम्भहरू



डोमको छिंडीमा रहेको सम्राटहरूको चिहान



हरिया रंगमा तामाले छाएको डोमको छाना



काइजर डोमअगाडि सुरेन्द्र पत्नी मोनिकाको साथ



पूर्वबाट हेर्दा डोमको पछाडिको भाग



सहरको पश्चिमबाट देखिने डोमको अगाडिको भाग र मुख्य ढोका

पश्चिम बर्लिनको जर्मन भाषाको आवश्यक सिकाइ सकेर प्रशासनिक विज्ञानको स्नातकोत्तर अध्ययनका लागि आवश्यक पूर्व सेमेस्टर सुरु गर्न हामी जर्मनीको सुदूर दक्षिण-पश्चिममा रहेको सानो तर अति पुरानो सहर स्पायर आइपुग्यौं । म र हिरामणीजी सँगसँगै पढ्ने अन्य एसिया, अफ्रिका र लैटिन अमेरिकाका मित्रहरुले भने पूर्व सेमेस्टरको ६ महिनामा पनि जर्मन भाषालाई निरन्तरता दिनुपर्ने भयो किनकि उनीहरुले भाषागत पूर्वशर्त पश्चिम बर्लिनबाटै पूरा गर्न सकेका थिएनन् । बर्लिनमा ६ महिना बसेर स्पायर आउँदा त मलाई सुरु सुरुमा ठूलो सहर छोडेर सानो गाउँमा आएको जस्तो अनुभव भएको थियो । तर पछि स्पायर सहरको ऐतिहासिक महत्व बुझेपछि भने स्पायर अति नै राम्रो लाग्न थाल्यो । स्पायर ऐतिहासिक रुपबाट त्यति महत्वपूर्ण हुनुको पछाडि त्यहाँ रहेको शताब्दियौं पुरानो काइजर डोम (*Imperial Cathedral*) रहेछ ।

**काइजर डोम** (*Imperial Cathedral*)

यो डोम आधिकारिक रुपमा रोमन क्याथोलिक आर्कविसप वामवेर्ग अन्तर्गतको चर्च रहेछ । यही महत्व बुझेर पोप ११ औंले यस डोमलाई सन् १९२५ मा गएर क्याथेड्रलको हैसियत प्रदान गरेका रहेछन् । यस डोमको निर्माण सम्राट कोनराड दोस्रोले सन् १०३० मा रातो चुन ढुंगा प्रयोग गरी बनाउन सुरु गरेका रहेछन् । यद्यपि उनी र उनका छोरा सम्राट हेनेरी तेस्रोको जीवनकालसम्ममा पनि यो डोमको निर्माण सम्पन्न भएको रहेनछ । निर्माणलाई निरन्तरता दिँदै जाँदा सन् ११०३ मा सम्पन्न भएको यो डोममा जालियन, स्टाउफर अनि हाब्सवुर्ग वंशका उनै सम्राटहरुको चिहान राखिएको रहेछ ।

१२ औं शताब्दिमा नै यो डोम विश्वका ठूला रोमन चर्चभित्र पर्न आउँदो रहेछ जसले युरोपेली चर्च निर्माणको वास्तुकलामा नै आफूलाई कोशेढुंगा प्रमाणित गरेको रहेछ । सन् १९८१ मा युनेस्कोको विश्व सम्पदा सूचीमा पर्न गएको यो डोम जालियन जर्मन साम्राज्यकै एक ठूलो स्मारकको रुपमा लिइँदो रहेछ । धेरै मोटा भित्ताहरु र अग्ला स्तम्भहरुले अड्याइएको दलिनहरु हेर्दा १२ औं शताब्दिमा नै चर्च वास्तुकलाको ठूलो विकास भएको र यहींबाट नै अन्य युरोपेली देशहरुमा यो वास्तुकलाको विस्तार भएको कुरा यही डोम जस्तै देखिने स्पेनको कार्दोनामा भएको सेन्ट भिन्सेन्ट चर्चले प्रमाणित गर्ने रहेछ । डोमका चारैतिर रहेका झ्यालहरु मुख्य संरचनालाई कमजोर नबनाउने किसिमले बनाइएकोले कतै कुँदेको पो हो कि भनेजस्तो देखिँदो रहेछ ।

यस डोमको दोस्रो चरणको विस्तारित निर्माण कार्य भने सन् ११०६ सम्पन्न भएको रहेछ जसको कारण डोमको लम्बाइ १३४ मिटर र चौडाइ ४३ मिटर पुगेको रहेछ । त्यस समयमा ५०० जनसंख्या भएको सानो सहर स्पायरमा यति ठूलो डोम बन्नुले कतै सम्राट अनि पोपहरुको लहड त होइन पनि भन्दा रहेछन् । पछि सन् १६१० मा गएर यो डोममा गोथिक शैलीको गजुर थप्ने कार्य भयो । सबै सम्राट र उनीहरुका रानीहरुको चिहान थप्दै जाँदा सन् १३०८ मा पुग्दा यस डोममा भएको चिहानको संख्या ९ पुगिसकेको थियो । सन् १६१८ देखि १६४८ सम्म भएको ३० वर्षे युद्धकालमा यो डोममा सानो क्षतिमात्रै पुगेको रहेछ । पछि लुई चौधौंको कालमा फ्रेन्च सैनिकहरु आई पुरै स्पायर सहर र डोममा आगजनी गरिदिएका रहेछन् जसले यस डोमभित्र भएका गोथिक शैलीका संरचना र कलाकारितालाई ध्वस्त बनाएको रहेछ । पछि आर्किटेक्ट वाल्थासार नइमानले सन् १७४८ मा सुरु गरी सन् १७७२ मा यस डोमको जिणोद्धार गरेका रहेछन् ।

कोषको अभावको कारण जुन रुपमा जिर्णोद्धार हुनुपर्ने हो त्यो भने हुन नसकिएको बताइँदो रहेछ । सन् १७९२ र त्यसपछि भएका नेपोलियन युद्ध कालमा यस डोम क्षतिग्रस्त हुन गई घोडाको तवेला र दाना राख्ने ठाउँको रुपमा फ्रेन्च सैनिकहरुले यसलाई प्रयोग गरेका रहेछन् । सन् १८१५ को भियना कांग्रेसपश्चात स्पायर बभेरियाको अधिनमा गएपछि त्यहाँका सम्राट लुडभिग प्रथमले यस डोममा स्तम्भहरु थपी सिँगार्ने कार्य गरेका रहेछन् । अग्ला छानाहरुलाई होचो बनाइ तामाले छाउने काम त्यति खेर गरिएको रहेछ । जर्मन राष्ट्रवादको प्रतिकको रुपमा लिइने यस डोमलाई अहिले राष्ट्रिय स्मारकको रुपमा विकास गरिएको छ । पछिल्लो पटक सन् २०१५ मा २६० करोड युरो खर्च गरी गहन रुपमा पुरातनलाई जीवित राख्दै आधुनिक शैलीमा यस डोमको जिर्णोद्धार गरिएको छ ।

शीत-लहरी के समय ठण्डा के कारण

आदमी के मृत्यु भी होसकेला ओही से,

- धियापुता, बुढपुरनिया, गर्भवती औरत आ विरामी स के देखभाल में विशेष सावधानी अपनावत धियापुता स के गरम अवस्था में रखेके व्यवस्था करल जाओ ।
- ठण्डा के कारण केहू विरामी होरहल बा त तुरन्ते नजिक के स्वास्थ्य चौकी चाहे अस्पताल लेजाएके आदत बनावल जाओ ।
- शीत-लहरी के समय घर में पोसल गइल पशुपंक्षी के सकभर खुला स्थान में चरावे ना लेजाएल जाओ । घर में ही राख के भर पोख घास/पोरा-पताई आ दाना देवेके व्यवस्था मिलावल जाओ ।
- डण्डा के कारण यदि पुशपंक्षी विरामी होरहल बा त नजिक के पशु चिकित्सालय आ मालजाल के डाक्टर से तुरन्ते सम्पर्क कके दाबाबिरो करल जाओ ।
- घर के भितर आगी तापला पर घर में भेण्टिलेसन् (हावा आवे जाएवाला छेद) के व्यवस्था मिलावेके ना भुलल जाओ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

आधा आकाश

■ वसन्तप्रताप सिंह

# "छोरी मरे अर्की जन्माउँला"

**छोरालाई मीठो–मसिनो खुवाएर हुर्काउँछन् र कुपोषण हुने सम्भावना पनि कम हुन्छ । अधिकांश छोरीले भने पेटभरि खान नपाएका कारण कुपोषित हुनुपर्छ । कुपोषित बालिकाका आमाहरू छोरी मरे अर्को जन्माउँला पो भन्छन् ।**

बझाङ । दुर्गाथली गाउँपालिकाको सैनपसेला वाइकोटकी शान्ति जप्रेलको घरमा गएका जिल्ला स्वास्थ्य कार्यालयका पोषण अधिकृतले शान्तिकी तीन वर्षकी छोरी अस्मितालाई कडा खालको कुपोषण भएको पत्ता लगाए । उनले कुपोषित बालिकाको उपचार निःशुल्क गरिने भन्दै जिल्ला अस्पतालको पोषण पुनर्स्थापना केन्द्रमा भर्ना गर्न अनुरोध गरे ।

शान्तिको परिवारले सानी छोरीको उपचारका लागि धामीझाँक्री लगाउँदा ७-८ हजार खर्च गरिसकेको थियो । छोरीको माया मारिसकेको भन्दै स्वास्थ्यकर्मीको अनुरोध शान्तिले अस्वीकार गरिन् । शान्तिका श्रीमान् चार वर्षदेखि मलेसियामा छन् । घरमा बूढा ससुरा छन् । अरू छोराछोरी पनि हेर्नुपर्‍यो । अस्पताल जाँदा घरमा कोही नहुने भन्दै शान्तिले छोरीको उपचार गर्नै मानिनन् । त्यसपछि पोषण अधिकृत इन्द्र कार्कीले अस्मितालाई उपचारका लागि जिल्ला अस्पतालमा भर्ना नगरे प्रहरीमा उजुरी गर्ने धम्की दिए । त्यसपछि उनले डरले पनि छोरीलाई जिल्ला अस्पतालमा भर्ना गरिन् ।

दुई दिनसम्म त शान्ति अस्पताल बसिन् । तर, तेस्रो दिन दिउँसो खाजा खाने निहुँ पारेर छोरीलाई लिएर निस्केकी उनी अस्पताल फर्किनन् । बिरामी हराएपछि अस्पतालमा खैलाबैला भयो । उनको खोजी गरिदिन अस्पतालले प्रहरीलाई गुहार्‍यो । खोज्दै जाँदा प्रहरीले उनलाई घरमा फेला पार्‍यो । गत पुसको अन्तिम साता अस्मिताको कुपोषणकै कारण मृत्यु पनि भइसकेको छ । 'तीन दिनसम्म अस्पताल बस्ता घरमा गाईवस्तु र घरको काम डामाडोल भइसकेको थियो । बूढा ससुराले घर धान्न सक्ने कुरा भएन । मरे मर्ली बाँचे बाँच्ली भनेर अस्पतालबाट भागेर आएँ । घर पुगेको भोलिपल्ट मरिहाली,' अस्पताल जानु पहिला नै छोरी मर्छे भनेर आफू अस्पतालबाट भागेको उनी स्वीकार गर्छिन् ।

पुसको पहिलो साता खिरातडी गाविसकी साढे चार वर्षीया बालिका करिश्मा कुँवरको पनि कुपोषणकै कारण ज्यान गयो । स्वास्थ्यकर्मीले उनको परिवारलाई उपचार गर्नका लागि धेरै सम्झाए । छोरी मरे अर्की जन्माउँला । अस्पतालमा गएर हप्तौं उपचार गर्दा घरको काम बिग्रन्छ भनेर परिवारले उपचार गर्न मानेनन् । जिल्ला स्वास्थ्य कार्यालयको शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमका प्रमुख डाक्टर सुनील गजुरेलले भने, 'जति सम्झाउँदा पनि परिवारले मानेन । हेर्दाहेर्दै बालिकाको ज्यान गयो ।'

यी दुवै गाउँबाट सदरमुकामस्थित जिल्ला अस्पताल आउन-जान एक दिन लाग्छ । तर, अचम्म के छ भने जिल्ला अस्पताल सिमखेतबाट करिब पाँच सय मिटरको दूरीमा रिठापाटा भन्ने गाउँ छ । त्यो गाउँकी तुल्सी नेपालीका तीनजना छोरीमा अहिले पनि कडा खालको कुपोषण छ । तीनमध्ये पनि दुई वर्षकी सरस्वतीको समयमा उपचार भएन भने ज्यानै जाने खतरा छ । तर, स्वास्थ्यकर्मीले घरमै गएर दशौंपटक उपचारका लागि अनुरोध गर्दा पनि उनले मानेकी छैनन् । तुल्सी भन्छिन्, 'मेरो जेठो छोरा पनि सानोमा यस्तै थियो । अहिले बेंग्लोर गएर पैसा कमाउने भइसक्यो । यिनीहरू हाम्रो नाम बेचेर पैसा खानलाई दिनदिनै अस्पताल भर्ना गर्नुपर्छ भनेर हैरान पार्छन् । धेरै दिन गाली गरेर पठाइसकेँ, आउन छाडेका छैनन् ।' कुपोषणको उपचार गर्दा निको हुन्छ भन्ने ज्ञान नपाएकी उनी उल्टै स्वास्थ्यकर्मीलाई यसरी गाली गर्छिन् ।

रिठापाटा गाविसमा काम गर्ने जिल्ला स्वास्थ्य कार्यालयकी पोषण अधिकृत सविता शाही ठकुरीले तुल्सीलाई घरमै गएर धेरैपटक उपचार गर्नका लागि सम्झाएको, तर उनले उल्टै गाली गरेर पठाउने गरेको सुनाइन् । उनले भनिन्, 'मरे मेरै छोरी मर्छे । तिमीहरूलाई के खसखस भनेर उल्टै हप्काउँछन् । बच्चीको अवस्था हेरेर दया लाग्छ । डाक्टरहरूले पनि सम्झाउँदा मान्दै मानेकी छैनन् ।'

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार हालसम्म जिल्लाभर मध्यम र कडा खालको कुपोषण भएका कुल एक हजार तीन सय २५ बालबालिकामध्ये ७ सय ६१ जना बालिका छन् । अभिभावकले उपचार गर्न नमान्दा यीमध्ये अधिकांश बालिकाको ज्यान खतरामा छ । कात्तिकयता मात्र यस जिल्लामा कुपोषणका कारण चारजनाले ज्यान गुमाइसकेका छन् । ज्यान गुमाउनेहरू सबै बालिका नै थिए । त्यसो त छोरालाई मीठो मसिनो खुवाएर हुर्काउँछन् र कुपोषण हुने सम्भावना कम हुन्छ । छोरालाई कुपोषण भयो भने अस्पताल लैजान्छन् भने छोरीलाई वास्तै गर्दैनन् ।

'छोरा र छोरीमा यो हदसम्मको विभेद होला भनेर कल्पनासम्म गरेको थिइनँ,' जिल्ला स्वास्थ्य कार्यालयको शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रमका प्रमुख डाक्टर सुनील गजुरेल भन्छन्, 'निःशुल्क उपचार हुन्छ । कुरुवालाई पनि खान-बस्नको व्यवस्था हामी नै गर्छौं भन्दा पनि छोरीको उपचार गर्न मान्दैनन् । यो मरे अर्की जन्माउँला भनेर सजिलै भन्छन्, म त छक्क परेको छु ।' अस्पतालमा उपचार गराउनुको साटो कुपोषित बालिकालाई स्थानीय वैद्य र धामीझाँक्रीलाई देखाउने, बान्द्रे लागेको भन्दै जिउभरि बाँदरको दिसा दलिदिने प्रचलन रहेको उनले बताए ।

जिल्लाभर गरेको सर्वेक्षणमा खाद्यान्न अभाव, अशिक्षा, अन्धविश्वास र असुरक्षित खानपान व्यवहारका कारण यहाँका धेरैजसो बालबालिकामा कडा खालको कुपोषण रहेको पाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । कुपोषितहरूमध्ये पनि आधाभन्दा बढी बालिका रहेको र छोराछोरीमा गरिने विभेदका कारण उपचार नपाउँदा धेरैजसो छोरीको ज्यान जोखिममा रहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर विष्णु खतिवडाले बताए । 'जिल्लामा उपचार नहुने खालका बिरामीलाई हामी नै खर्च दिन्छौं । उपचार गर्न जाऊ भन्दा पनि मान्दैनन् । घरको काम अलपत्र पर्ने बहाना देखाएर अस्पतालबाट भाग्छन् । धेरैजसो कुपोषित छोरीले कलिलै उमेरमा ज्यान गुमाउनुपरिरहेको छ,' उनले भने ।

घरमा खानपान र हेरचाहमा हुने विभेदका कारण पनि बालिकामा बढी कुपोषण हुने गरेको जानकारहरू बताउँछन् । दलित महिला सङ्घकी अध्यक्ष आशा विक भन्छिन्, 'छोरा भए मीठो-मसिनो खान दिने, सुत्केरीलाई पनि माया गर्ने गर्छन् । छोरी पाउँदा परिवारले खानपिन र हेरचाहमा खासै वास्ता गर्दैनन् । जन्मनेबित्तिकै विभेदमा पर्ने भएकाले बालिकामा कडा खालको कुपोषण बढी देखिएको हो ।'

कुपोषणको यो भयावह चित्र भएको बझाङ जिल्लामा काम गर्ने कोही नभएको भने होइन । गैरसरकारी क्षेत्रबाट सञ्चालित सुआहारा, एकीकृत बहुक्षेत्रीय पोषण कार्यक्रमले मात्र यस जिल्लामा पोषणको नाममा हालसम्म ३० करोडभन्दा बढी खर्च गरिसकेका छन् । यस्तै सरकारी स्तरबाट सञ्चालित कृषि तथा खाद्य सुरक्षा कार्यक्रम र जिल्ला स्वास्थ्य कार्यालय, महिला विकास कार्यालयलगायतका कार्यालयले पोषणको नाममा खर्च गरेको रकमको ग्राफ योभन्दा दोब्बर हुने गरेको छ । यसमध्ये ९० प्रतिशतभन्दा बढी रकम पोषणसम्बन्धी चेतना जागरणमा खर्च भएको विभिन्न तथ्याङ्कमा उल्लेख छ । तैपनि दुर्गम गाउँका बालिका कुपोषणको सिकार भइरहेका छन् ।

*(संचारिका फिचर सेवा)*

# रजनीको मुक्त आकाश-२

**लक्ष्मी उप्रेती**

कथा

रजनीको घर आँगनीमा पनि उज्यालो रङ पोतिएर प्रभातको लाली मुस्कुराउँदै बिहान त भयो तर ऊ निर्णय गर्न नसकेर पिरोलिएकी छे ।

अब मदनले फोन गर्छ, निर्णय के गर्ने ? भनेर किंकर्तव्यविमूढ भई । कहीँ जाने, केही गर्ने जाँगर छैन उसमा । भगवान्लाई आस्था बेगरका दुईवटा सिन्के धुप सल्काएर चिया पकाउन गह्रुँगो मन पारेर भान्सामा गई । चिया पकाउँदा पनि मन अशान्त छ । चिया पिउँदा पनि मदनसँग बितेका क्षण आँखामा ल्याउँदै मनमा कुरा खेलाइरही ।

यो सपना भए पनि हुन्थ्यो भन्दै टेलिफोन छेउमा बसेर के के सोचिरही । घडीले नौ को घण्टी हान्यो । ऊ झल्याँस्स भई । अहिलेसम्म उसले स्कुल जानुपर्छ भन्ने कुरा पनि बिर्सिरहेकी रहिछे । एक प्रकारको महाशून्यमा हराउँछे ऊ । फेरि एकै छिनमा छताछुल्ल पोखिन्छे अतीत र वर्तमानको चक्रव्यूहमा परेर ।

मौनता भ· गर्दै फोनको घण्टी बज्छ । रजनी फोनको छेउमै छे तर फोनको रिसिभरमा हात लान कठिन परेको छ उसलाई । फोनको घण्टी बज्दै जान्छ । घण्टीको आवाजसँगै रजनीभित्र अनेक दोधारे भावनाहरू दौडिन्छन् । पटक-पटक घण्टी बज्छ । रजनी बेचैन हुन्छे । फोन उठाऊँ नउठाऊँ, बोलौं-नबोलौं, यस्तै-यस्तै द्विविधामा रजनी निकै बेर एकोहोरिन्छे । अन्त्यमा सहज हुने प्रयास गर्दै फोन उठाएर बोल्छे, 'हेलो १'

"रजनी, म मदन बोलेको ।" मदनको आवाजमा सहजता थिएन ।

"हाम्रो मित्रतालाई सम्बन्धको घुम्टो ओढाएर एउटा असल साथी गुमाउन चाहन्नँ म । प्लिज, अन्यथा नसोच्नु होला । तपाईंजस्तो असल मानिसकी पत्नी हुनमा होइन, असल साथी हुनमा गर्व गर्छु । तपाईंको साथी हुँदा जति म खुसी हुन सक्छु, त्यति कुनै सम्बन्धमा खुसी हुन सक्दिनँ । किनकि मबाट एउटा मित्रको भन्दा बढी अरू सम्बन्धको आशा नगर्नुहोस् ।"

निकैबेरपछि रजनीले बल गरेर भनी "किनकि म मातृत्व सुखबाट वञ्चित छु । यसको सजाय तपाईंलाई दिन सक्तिनँ ।"

रजनीको कुरा सुनेर मदन बहकिन्छ र भन्छ "रजनी हाम्रा अवस्था एकअर्कौमा खुसीले लागु गरौंला यदि तिमी साँच्चिकै मेरो इच्छामा सहमत हुन्छ्यौ भने एउटा अनाथ बच्चालाई सन्तानका रूपमा ग्रहण गरौंला । तिमीले पनि बुझ्केकै हुनुपर्छ आफैले जन्माएका सन्तानबाट पनि एक्लिएर पीडित भएका आमा बुबाहरू कति छन् । अनि अरूले जन्माएका सन्तानबाट खुसी भएका बुबा आमाहरू पनि छन् । त्यसैले सन्तानलाई हाम्रो प्रेमको तगारो नपारी निर्णय गर ।"

रजनी झन् अन्यौलग्रस्त भई । त्यसपछि त मदनलाई झन् सम्मानका साथ मित्रताको सम्बन्धमा खुसी हुन सक्ने कुरामा गर्व गर्दै दृढ हुँदै भनी "मदन, हाम्रो मित्रता सधैं प्रगाढ रहोस् है । तपाईंसँग जीवनभर अरू कुनै सम्बन्धहरूमा होइन मित्रताको सम्बन्धमा रम्न चाहन्छु ।" यसरी रजनीको मनबाट अर्थपूर्ण निर्णय अचानक आफैं निस्कियो ।

"यदि तिमी मित्रतामा नै खुसी हुन सक्छ्यौ भने हाम्रो यही सम्बन्धलाई सम्मान गर्छु । तर, रजनी जहिले पनि तिमीलाई मित्रको हैसियतले गर्न सक्ने जे काम पनि म गर्न तयार हुन्छु । त्यसैले हाम्रो यो मित्रताको आस्था सधैं रहिरहोस् । तिम्रो भावनालाई जीवनका हरक्षण हरयात्रामा कदर गर्न सकूँ, सधैं जीवन्त राख्न सकूँ । धन्यवाद १" मदनले फोन राख्यो ।

जीवन भनेको केही पाउनु हो, जित्नु हो भन्ने सोच्दथी, तर आज नयाँ सम्बन्ध गाँस्ने अवसर पाउँदा पनि रजनी आफैंले त्यसलाई स्वीकार्न सकिन । केही हारेर भए पनि जितेकै अनुभव गरी रजनीले ।

ऊ आफूलाई सम्हाल्दै हतार हतार तयार भएर स्कुल जान्छे । भावनात्मक प्रेमबाट फुत्केर आफूलाई स्वतन्त्र भएको अनुभूत गर्छे । अनि स्कुलका बालबालिकाहरू माझ आफूलाई पाएर आनन्दित हुन्छे । खुल्ला आकाशमा चराहरू कावा खाइरहेको दृश्यसँगै मन उडाएर ऊ मुक्त आकाशमा रमाउँछे ।

# नेपालमा बेरोजगारी समस्या र समाधान

■ **चन्द्रभूषण साह**



**बेरोजगारी** : सामान्यतया कुनै पनि काम गर्न योग्य व्यक्ति काम गर्ने इच्छा र तत्परता देखाउँदा समेत उसले काम गर्ने अवसर प्राप्त गर्दैन भन्ने त्यसलाई बेरोजगार भनिन्छ । अर्को शब्दमा भन्ने हो भने, शारीरिक तथा मानसिक रुपमा काम गर्न सक्षम उमेर पुगेका भुक्तानी प्राप्त हुने काम नपाएका सबै जनशक्तिलाई बेरोजगार भनीन्छ । वर्तमान समयमा नेपालका विभिन्न समस्याहरुमध्ये बेरोजगारी समस्या समेत एक प्रमुख समस्याको रुपमा विद्यमान रहेको पाइन्छ ।

नेपालको श्रम बजारमा प्रतिबर्ष चार (४) लाखभन्दा बढी नयाँ युवा श्रम बजारमा प्रवेश गर्दछन तर दुर्भाग्य हाम्रो नेपालको रोजगारी वृद्धि दर ३.२५ छ । त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट वैधानिक रुपमा श्रम स्विकृत लिएर मात्रै प्रतिदिन करिब एक हजार देखि पन्ध्र सय युवाहरु रोजगारीको सिलसिलामा विदेश जान्छन् र प्रतिदिन लगभग तीन देखि दश जनाको लास बकसभित्र भित्रिने गर्दछ । विदेशिनु रहर हैन बाध्यता होस भन्ने युवा जमातको लागि बेरोजगारी समस्या अभिशापतुल्य भएको पाइन्छ । नेपाली श्रमिक विदेशी भूमिमा गएर थ्री डी (डर्टी, डिफिकल्ट एन्ड डेन्जरस काम गर्न बाध्य भएको पाइन्छ । बि.सं. २०७१ मा अर्थमन्त्रालयका अनुसार २६.१५ उच्च शिक्षा बेरोजगारी रहेको पाइन्छ जसको परिणाम स्वरूप बौद्धिक पलायन (ब्रेन ड्रेन) को समस्या सहजै देख्न सकिन्छ ।

**बेरोजगारी समस्याका प्रमुख कारणहरु**

**उच्च जनसंख्या वृद्धिदर** : नेपालमा उच्च जनसंख्या वृद्धिदर लगभग २.३५ रहेको कारणले गर्दा पुराना बेरोजगारहरुलाई रोजगारीको अवसर सृजना हुन् नपाउँदै नयाँ बेरोजगारहरु श्रम बजारमा प्रबेश गर्दछ । फलस्वरुप बेरोजगारी समस्या झन्झन् बिकराल हुन् पुग्छन् ।

**मुद्रास्फीति र मन्दी** : मुद्राको क्रयशक्तिमा आएको ह्रास र विभिन्न कारणले गर्दा व्यापार-व्यवसायमा आएको मन्दीको प्रभावले गर्दा नयाँ रोजगारी सृजनामा कमी तथा पुरानो रोजगारीका अवसरहरु समेत संकटमा पर्ने गएकोले बेरोजगारी समस्या उत्पन्न भएको पाइन्छ ।

**सुस्त व्यापार वृद्धि** : हाम्रो मुलुकमा व्यापार-व्यवसायमाको वृद्धि दर अन्य विकसित मुलुकको तुलनामा निकै कम रहेको पाइन्छ । त्यसको परिणामस्वरुप उच्च दरमा रोजगारीको अवसर सृजना हुन् पाउँदैन र बेरोजगारी समस्या उत्पन्न भएको पाइन्छ ।

**प्रविधिको प्रयोग** : आधुनिकीकरणको प्रभावले गर्दा ससानादेखि ठूलठूला उद्योगहरुमा मानव संसाधनको सट्टा प्राविधिकको प्रयोगमा जोड़ दिनु समेत बेरोजगारी समस्याको एक प्रमुख कारण हो ।

**मौसमी रोजगार** : नेपाल कृषिप्रधान देश भएको कारणले यसमाथि निर्भर अधिकांश व्यक्ति तथा परिवार मौसमी बेरोजगारीका सिकार हुन् पुगेका छन् ।

**पुँजी अभाव**: केही सक्षम र स्वावलम्बी युवाहरु स्वरोजगार तथा अरुहरुका लागि समेत रोजगारीको सृजना हुने उद्यमशील कार्यको थालनी गर्न आवश्यक एकीकृत पुँजीको अभाव तथा युवा वर्गमा पुँजीको प्रबन्ध गर्न सक्ने असक्षमताको कारणले समेत बेरोजगारी समस्या उत्पन्न भएको पाइन्छ ।

**कमजोर शैक्षिक गुणस्तर** : हाम्रो बिश्वविद्यालयहरुले उत्पादन गर्ने श्रम शक्ति सिद्धान्तमा अबल भए तापनि प्राविधिक, व्यवहारिक तथा प्रयोगात्मक ज्ञानको कमीले गर्दा समेत बेरोजगारी समस्या देखा पर्दछ ।

**सीप तथा दक्षतामा बेमेल** : हाम्रो श्रम शक्तिसँग विद्यमान परम्परागत सीप तथा दक्षता र त्यसैगरी अन्य मुलुकहरुमा सिकेका सीप तथा दक्षताअनुसारको अवसर नेपाली श्रम बजारमा उपलब्ध नहुनु दुर्भाग्यको बिषय बन्न पुगेको छ । उपलब्ध सीप तथा दक्षताअनुसारको उद्यमशीलता नहुनु बेरोजगारी समस्याको कारण बन्न पुगेको पाइन्छ ।

**शुशासन र कुशल नेतृत्वको कमि** : हाम्रो समाजमा मौलाएको चरम भ्रष्टाचार तथा असक्षम र गैरजिम्मेवार नेतृत्वको कारणले समेत बेरोजगारी समस्या उत्पन्न भएको पाइन्छ । मानव संसाधनको मूल सिद्धान्त ठिक व्यक्ति ठिक समयमा ठिक ठाउँमा हुनुपर्नेमा अन्यथा भई अर्थतन्त्रमा पर्न गएको भ्रष्टाचार तथा कुशासनको प्रभावले गर्दा सिंगो श्रम बजार प्रभावित भई बेरोजगारी समस्या उत्पन्न भएको पाइन्छ ।

**परनिर्भरता** : एउटा भनाइ नै छ, 'आफूमा भर परे सबलता र अरुमा भर परे कमजोरी' भन्ने झैं हाम्रो श्रम बजार अन्य मुलुकप्रति निर्भर छ । जसले गर्दा केही सम्भावना बोकेका श्रम शक्ति विदेश पलायन हुने भएकोले गर्दा समेत नयाँ अवसर सृजना हुनसकेका छैन र फलस्वरुप देशभित्र बेरोजगारी समस्या समधान हुन् सकेको छैन ।

**प्रबिधिमा तरलता** : पुराना सीप र क्षमता भएको व्यक्तिहरुलाई प्रबिधिको क्षेत्रमा हुने नविन परिवर्तन, आविष्कार तथा बिकासको प्रभावले गर्दा समेत बेरोजगारी समस्या उत्पन्न हुन् पुग्दछ ।

**श्रमको दर्जा** : विदेशमा शौचालय सफा गर्न तत्पर व्यक्ति नेपालमा फोहर व्यवस्थापन तथा सरसफाई गर्न समेत आनाकानी गर्नु हाम्रो समाजको श्रम प्रतिको हेर्ने श्रेणी गत दर्जा प्रबृत्ति नै प्रधान रहेको पाइन्छ । स्वाभिमान र प्रतिष्ठाका कारण धेरै जनशक्ति बेरोजगार हुनपुगेका छन् जसको नकरात्मक चक्रिय परिणाम सिंगो श्रम बजार भोग्न बाध्य छ ।

**उद्योगहरु टाट पल्टनु** : सरकारी तथा निजीस्तरबाट संचालित व्यापार-व्यवसाय तथा उद्योगहरु एकाएक टाँट पल्टनु तथा धमाधम बन्द हुनु बेरोजगारी समस्याका कारण बन्न पुगेको छ ।

**राजनीतिक अस्थिरता** : हरेक नीतिको मूल नीति मानिने राजनीति पछिल्लो केही दशकदेखि नेपालमा राजनीतिक व्यवस्था निरन्तर परिवर्तन भए तापनि त्यसमा संस्थागत स्थायीत्व र स्थिरता नभएको कारण अन्तरिक तथा बाह्य पुँजी परिचालनमा डर तथा त्रासको अवस्था सृजना भएको पाइन्छ । लगानीकर्ताको जनधनको कुनै पनि सुरक्षाको ग्यारेन्टी नहुनु दुर्भाग्यपूर्ण अवस्था मान्न सकिन्छ । विद्यमान राजनीतिक खिचातानी, अन्तरिक कलह, अविश्वास र आन्दोलनको प्रभावले गर्दा समेत श्रम बजारमाथि नकरात्मक असर पुगेको पाइन्छ ।

**चक्रिय बेरोजगार** : बेरोजगारीले आम्दानीमा भएको कमिको कारण समग्र अर्थतन्त्रमा पर्न गएको नकरात्मक प्रभावको चक्रिय परिणामको रुपमा बेरोजगारी समस्या झन्झन् बढ्दै गएको पाइन्छ ।

**बेरोजगारी समस्याको समाधान**

नेपाल एक कृषि प्रधान देश भएको कारणले गर्दा निर्वाह मुखी कृषिलाई व्यवासयमुखी बनाउन तथा उत्पादन मुलक उद्योगमा विशेष जोड़ दिई रोजगारीको अवसर सृजना गर्न सकिन्छ । तीब्र रुपमा बढ्दै गइरहेको जनसंख्यालाई सन्तुलित गर्नका लागि जनसंख्या शिक्षामा जोड़ र परिवार नियोजनका अस्थायी तथा स्थायी साधनको प्रयोगबाट आदर्श एवम् सन्तुलित आकारको जनसंख्यालाई रोजगारीको अवसर प्रदान गर्न सजिलो हुनेछ ।

व्यवसाय तथा रोजगार मुलक गुणस्तरीय शिक्षाको प्रभावले बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न सकिन्छ । ससाना हिस्सामा रहेको पुँजीलाई एकीकृत गरी राम्रो किसिमको रोजगारी सृजना हुने कार्यको थालनी गर्नुपर्ने देखिन्छ । साथसाथै राज्यले युवा बर्गलाई व्यवसायी तथा स्वरोजगार बन्नका लागि पुँजी निर्माण प्रक्रियामा सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ । खर्चमा भन्दा पुँजी निर्माण र लगानीमा जोड़ दिनसकेमा समेत बेरोजगारी समस्या समाधान गर्न मद्दत पुग्नेछ ।

नेपालको अधिकांश श्रम अवसर शहर केन्द्रित हुने भएकोले ग्रामिण क्षेत्रको बिकासमा जोड़ दिई थप रोजगारीको अवसर सृजना गरी समस्या समाधान गर्न सकिन्छ । यस कार्यको थालनीबाट लगानी कर्ता उत्साहित भैई बिभिन्न बहुराष्ट्रिय कम्पनीले नेपालमा नै उत्पादन देखी अन्य व्यवसायिक गतिविधिको थालनी गर्न पुग्नेछन् भने देशभित्र तथा बाहिरबाट नयाँ लगानीको थालनी हुने भएकोले बेरोजगारी समस्या समाधान गर्न सकिन्छ । पुनःनिर्माण, सडक यातयात, बाढी नियन्त्रण, उत्पादन जस्ता रोजगारीमुलक क्षेत्रलाई प्राथमिकताका साथ बढाउने कार्यनीति लिएर अघि बढ्न सकेमा समस्या समाधानमा टेवा पुग्नेछ ।

उपलब्ध श्रम शक्तिलाई समयसमयमा निरन्तर रुपले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सीप र प्रविधियुक्त तालिमको प्रबन्धबाट बेरोजगारी समस्या समाधान गर्न मद्दत पुग्नेछ । खाडी तथा अन्य मुलुकमा रहेको श्रम शक्तिसँगको सीप र दक्षताअनुसारको व्यवसायिक गतिविधि स्वदेशमै सञ्चालन गरी विदेशमा रहेको श्रम शक्तिको उपयोगिताबाट थप नयाँ रोजगारीको अवसर समेत सृजना गर्न सकिन्छ । तिब्र उद्योगिकरण गर्नका लागि ठुलो मात्रामा श्रम शक्तिको जरुरी पर्ने भएकोले गर्दा बेरोजगारी समस्या समाधान मद्दत पुग्नेछ । प्रबिधिभन्दा मानवीय श्रमको प्रयोग बाट उत्पादन एवं सेवा प्रवाहमा जोड़ दिन सक्यो भने बेरोजगारी समस्या समाधानमा सहयोग पुग्नेछ ।

रोजगारीको अवसर सृजना गर्ने व्यक्ति तथा व्यवसायलाई न्यून ब्याजदरमा ऋण सेवा, न्यून कर तथा ग्रामीण र दुर्गम क्षेत्रमा कारोबार संचालन गर्नेलाई विशेष प्राथमिकता र सहायताको नीति लिएर समेत बेरोजगारी समस्या न्यूनीकरण गर्न सकिन्छ । अनावश्यक सिण्डिकेट, बन्द हडताल, धर्ना, कामचोरी, दादागिरी र धाकधम्की जस्ता गैर जिम्मेवारी पूर्ण कार्यहरुलाई निरुत्साहित गर्ने तथा श्रमिकको सिधा सम्पर्क मालिक संग स्थापित गर्न श्रम युनियनको अधिकारमा नियमन गरि स्वक्ष श्रम सम्बन्ध कायम गरि थप रोजगारीको अवसर सृजना गर्न सकिन्छ । सुशासित सेवा प्रवाह, स्थिर राजनीतिक अवस्था र कुसल नेतृत्वको कारण अर्थतन्त्रमा पर्न गएको सकरात्मक प्रभावले बेरोजगारी समस्या नियन्त्रण गर्न सहयोग पुग्नेछ ।

# बन्ला त साँच्चै युरोपको संयुक्त राज्य ?

**सुधा कार्ले**



सन् १९४४ मा युरोपका तीन राज्यहरु बेल्जियम, नेदरलैण्ड र लक्जमवर्ग मिलेर बेनेलक्स नामक एक आर्थिक राजनीतिक संघको निर्माण गरेका थिए । यही वेनेलक्ससँगै सन् १९५१ मा पश्चिम जर्मनी, फ्रान्स र इटली मिलेर युरोपियन कोल एण्ड स्टिल कम्पनी बनाई सहकार्य सुरु गरेका थिए । पछि गएर यही कम्पनी EEC याने European Economic Commission बन्न पुग्यो जसलाई आजकाल युरोपेली आयोग भनिन्छ । तीनबाट ६ अनि १२ हुँदै हाल युरोपेली आयोगमा २५ देश सामेल छन् । बेलायतले यस आयोगबाट हट्ने निर्णय गत सालको जनमतसंग्रहबाट गरिसकेको भए तापनि यसको पूर्ण कार्यान्वयन भई बेलायत आयोगबाट औपचारिक रुपमा नै छुट्टिने कार्य भने अझै बाँकी छ ।

राष्ट्रवादभन्दा क्षेत्रीयता आजको माग हो भन्नेहरु युरोपेली आयोग संयुक्त राज्य युरोपमा एक दिन परिणत हुन्छ भन्छन् भने कट्टर राष्ट्रवादीहरु भने त्यस्तो संयुक्त राज्य सम्भव नभएको बरु बेलायत जस्तै अरु राष्ट्रहरुले पनि विस्तारै युरोपेली आयोग छाड्नेछन् भनी अड्कल काट्ने गरेका छन् । पक्षमा वकालत गर्नेहरु अहिलेको युरोपेली आयोग भनेकै व्यवहारिक रुपमा युरोपको संघीय संयुक्त राज्य हो जहाँ एकल मुद्रा युरो छ र राज्य राज्यबीचको सीमाहरु निस्क्रिय भइसकेको बताउँछन् । खास अर्थमा जसरी अमेरिकी राज्यहरु मिलेर संयुक्त राज्य अमेरिका बनेको छ जसरी इंगलैण्ड, वेल्स, स्कटलैण्ड र उत्तरी आयरलैण्ड मिलेर संयुक्त अधिराज्यको संघ ग्रेट ब्रिटेन बनेको छ । युरोपेली आयोग त्यसरी नै बनेको कारण यो युरोपको संयुक्त राज्य नै हो भन्दा फरक नपर्ने तर्क पनि बारम्बार प्रस्तुत हुने गरेको छ ।

सबैभन्दा पहिले संयुक्त राज्य युरोपको अवधारणा ३१ मे १८३१ मा वोजसियक जास्त्रजेवोस्कीले अघि सारेका थिए । सबै युरोपीय देशहरु जिती एकीकरण गर्छु भनी अघि सरेका नेपोलियन बोनापार्टले युद्ध हारी सेन्ट हेलेना टापुमा कैदी जीवन बिताउन सुरु गरेपछि उनले सैनिक कारबाहीबाट नभई शान्ति प्रक्रियाबाट युरोप सिंगो राष्ट्र हुन सक्छ भनेर लख काटेका थिए । इटलीको एकिकरण सम्पन्न भएपछि जुसेप्पे माच्जिनीले पनि एकिकरण कार्यले निरन्तरता पाउँदै जाने हो भने संयुक्त राज्य युरोप एक वास्तविकता हुन सक्ने भविष्यवाणी गरेका थिए । यसैको लागि उनले योङ युरोप मुभमेन्ट सुरु पनि गराएका थिए । पेरिसमा सन् १८४९ मा भएको अन्तर्राष्ट्रिय शान्ति सम्मेलनमा भिक्टर हयुगोले आफ्नो भाषणमा संयुक्त राज्य युरोपको पक्षमा वकालत समेत गरेका थिए । उनको भनाइसँग इटालियन दार्शनिक कार्लो कात्तानेओ, इटलीका एकिकरणकर्ता जुसेप्पे गैरीवाल्डी, जोन स्टुअार्ट मीलहरु समेत सहमत थिए । मार्च १ सन् १८७१ म बोलाइएको फ्रेन्च नेसनल एसेम्बलीले त संयुक्त राज्य युरोप होस भनेर आब्हान नै गरेको थियो ।

प्रथम विश्वयुद्धमा युरोपमा जुन जनधनको नोक्सान भयो, त्यसबाट विरक्तियर अष्ट्रियाका काउन्ट रिचार्डले पान-युरोपा मुभमेन्ट सुरु गर्न भनेर १९२६ मा भियनामा अन्तर ाष्ट्रिय सम्मेलनकै आयोजना पनि गरे। एकिकरणको आधारहरु उनले प्रस्तुत गरेकोमा उदारवाद, क्रिश्चियनवाद अनि सामाजिक जिम्मेवारिता भनी उल्लेख गरेका थिए। त्यसैगरी रुसको वोल्सेभिक क्रान्तिअगाडि नै ट्रोट्स्कीले पनि संघीय गणतन्त्र युरोपको अवधारणा अघि सारेका थिए। तर यस्तो युरोपको नेतृत्व सर्वहारावर्गले गर्नुपर्ने उनको जिकिर थियो। प्रथम विश्वयुद्धपश्चात् सन् १९२९ मा बनेको लिग अफ नेसन्सले ब्रायण्ड भन्ने व्यक्तिलाई संघीय युरोपको ढाँचा तयार गर्न अनुरोध समेत गरेको थियो जसअनुरुप ब्रायण्डले एउटा मेमोराण्डम तयार गरी लिगमा प्रस्तुत पनि गरेका थिए। युरोपेली उपमहाद्विप सधैँ युद्धको स्रोत भएको भन्दै बेलायती प्रधानमन्त्री विन्स्टन चर्चिलले बेलायतको संलग्नताविना सिंगै युरोपलाई एक राष्ट्र बनाएमा विश्वमा शान्ति हुन सक्ने भनी द सेटेरडे इभिनिङ पोष्टमा एक लेख छपाएका थिए ।

सन् १९४० मा नाजी जर्मनीको हार भएपछि जर्मन सम्राट विलियम दोस्रोले अब जर्मनीको नेतृत्वमा युरोपको संयुक्त राज्य बन्ने छ जसले विश्वमा शान्ति र नयाँ व्यवस्था कायम गर्ने छ भनेर घोषणा गरेका थिए । द्वितीय विश्वयुद्धपश्चात् सन् १९५० र ६० को बीचमा दुई योजना कार्यान्वयनमा आए । त्यो भनेको युरोपेली स्वतन्त्र ब्यापार संघ र अर्को भनेको युरोपेली आर्थिक समुदाय थिए ।

सन् २००० मा जर्मन विदेश मन्त्री योस्का फिसरले सिंगै युरोप एक संघ हुनुपर्दछ, त्यसको निर्वाचन युरोपेली नागरिकहरुले प्रत्यक्ष निर्वाचनबाट गर्नुपर्दछ भन्ने प्रस्ताव अघि सारेका थिए । त्यसैमा आधारित भएर युरोपेली सुपरस्टेटको प्रस्तावलाई निस सन्धिको रुपमा प्रस्तावित गरिएको थियो जसलाई बेलायतको विरोधको कारण अनुमोदन हुन सकेन । अहिले युरोपेली आयोगभित्र रहेका सबै राष्ट्रहरुको सुरक्षा नीति, न्याय प्रणाली र कानुनी व्यवस्था उस्तै रहेको छ । युरो झण्डै सबै युरोपेली राष्ट्रको एकल मुद्रा बनेको छ भने आयोगभित्र रहेका सात अन्य राष्ट्रहरुले युरोलाई आफ्नो देशमा सामान्य रुपबाट ग्राह्य बनाएका छन् आयोगभित्र आउन बाँकी मन्टेनेग्रो, कोसोभो र आन्डोरामा पनि अनौपचारिक रुपमा युरो स्वीकारिन्छ । तर नभएको कुरा के हो भने सिंगो युरोपको एउटै संविधान, एउटै सरकार र एकल परराष्ट्र तर कर नीति भने छैन ।

त्यसैगरी न्यायप्रणाली पनि एकल भइसकेको छैन । भ्रष्टाचारीलाई अभियोग लगाइ दण्डित गर्ने कुरा, आप्रवासन कानुन र राष्ट्रिय कानुनभन्दा युरोपेली आयोगको कानुन शक्तिशाली हुन्छ भन्ने कुरामा सबै सदस्य राष्ट्रहरु एक मत नभइसकेको अवस्था रहेको छ । त्यसैगरी युरोपेली स्पेस एजेन्सी र युरोपेयन कोर्ट अफ ह्युमन राइट अझै युरोपेली आयोगभित्र आउन सकेका छैनन् । युरोप एक संघीय राष्ट्र हुनुपर्दछ भनी अभियान छेड्ने संगठनहरुमा युरोपियन फेडेरलिस्ट अर्गनाइजेसन, युनियन अफ युरोपियन फेडरलिस्ट, युरोपियन मुभमेन्ट इन्टरनेसनल र युरोपियन फेडेरलिस्ट पार्टी रहेका छन् ।

त्यस्तैगरी युरोप एक राष्ट्र हुनुपर्दछ भनेर एकनास लागिपर्ने व्यक्तिहरुमा बेल्जियमका पूर्वप्रधानमन्त्री गुय भेरओफ्स्टाड, लक्जमवर्गबाट युरोपेली आयोगमा उपाध्यक्ष भई काम गर्ने भिभियान रेडिङ, इटालियन प्रधानमन्त्री तथा युरोपेली आयोगका एकताकाका अध्यक्ष मात्तेओ रेन्च्जी, जर्मन सोसल डेमोक्राटिक पार्टीका मार्टिन सुल्ज्ज जस्ता पर्दछन । युरोपलाई एक संघीय राज्य नबनाइ एक खुकुलो महासंघ (Loose Confederation ) बनाउने कुरामा समेत युरोपेली आयोगका सबै राष्ट्रहरु एकमत हुन नसकेको अवस्थामा जुन २०१६ मा बेलायतमा भएको जनमतसंग्रहले बेलायत युरोपेली आयोगबाट हटने निर्णय गरिसकेको छ । युरोप एक राष्ट्र बन्न सक्छ त भन्ने विषयमा जनताको अभिमत लिने काम यदाकदा हुने गर्दछन जसका नतिजाहरु यस्तो पाइन्छ :

युरो ब्यारोमिटरले सन् २०१३ मा गरेको सर्भेक्षणअनुसार युरोपका ६९ प्रतिशत मतदाताहरु संयुक्त राज्य युरोपको अध्यक्ष प्रत्यक्ष चुनावबाट हुनुपर्ने विचार राख्छन् भने ४६ प्रतिशत मतदाता युरोपको आर्मी संयुक्त हुनुपर्ने बताउँछन् । त्यसैगरी दुईतिहाई मतदाताले युरोपको आफ्नो बेग्लै परराष्ट्र नीति हुनुपर्ने र ५० प्रतिशतभन्दा बढी मतदाताहरुले युरोपको आफ्नै सुरक्षा प्रणाली हुनुपर्ने जिकिर गर्छन । ४४ प्रतिशतले युरोप संघीय प्रणालीमा जानुपर्ने र ३३ प्रतिशतले त्यसको विरुद्धमा मत जाहेर गरेको पाइएको थियो । नोर्डिक राष्ट्रहरु जस्तो नर्भे, स्विडेन, फिनलैण्ड र डेनमार्कहरु एकल युरोपेली राष्ट्रको विपक्षमा रहेका छन् भने हालका सदस्य राष्ट्रका ५६ प्रतिशत जनता संयुक्त राज्य युरोपको पक्षधर देखिएका छन् । यसबाहेक संयुक्त राष्ट्र युरोपको पक्ष र विपक्षमा साहित्यिक लेख, कथा, गीत तथा भविष्यवाणी पनि हुने गर्दछन । जसमा सन् २०६० मा गएर पृथ्वीको गर्भमा रहेको तेल र पानी सकिने कारणले गर्दा त्यसको कारण देश देशबीचमा युद्ध हुने र भएका संघहरु समेत भत्किन सक्ने कुरा बताइन्छ ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np


Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

## रोचक संसार

### खोक्दा बाहिर निस्कियो करङ



अमेरिकाको म्यासाच्यूसेट्स राज्यमा बस्ने ती महिलालाई कडा खोकी लागेको थियो र खोक्दाखोक्दै छातिको दायाँ भागमा दुख्न थालेपछि जँचाउनका लागि डाक्टरकोमा गईन् ।उनलाई फ्लू भएको भन्दै डाक्टरले औषधि दिएर पठाए । तर औषधिले उनलाई निको भएन र पुनः डाक्टरकोमा गईन् । जब डाक्टरले उनको छातिको जाँच गर्नका लागि हेरे तब दायाँतर्फ हड्डी नै टुटेको जस्तो देखियो । ती महिलाले पनि निकै दुखाई महसूस गरिरहेकी थिइन् । सिटी स्क्यान गर्दा उनको नवौं करङ भाँचिएर बाहिर आएको देखियो । ती महिला लहरे खोकीबाट संक्रमित भएको चेकजाँचले देखायो । उनको लहरेखोकीको एन्टीबायोटिकबाट उपचार भैरहेको छ र भाँचिएको करङ जोड्नका लागि शल्यक्रिया नै गर्नुपर्नेछ ।

### मरेको १० दिनपछि महिलाले जन्माइन् बच्चा

१० दिनअघि मरिसकेकी एकजना महिलाले बच्चा जन्माएको खबरले दक्षिण अफ्रिकामा तहल्का मच्चाएको छ । १० दिन पहिले मृत्यु भएकी महिलाको अन्त्येष्टिका लागि कफिन खोल्ने क्रममा महिलाको शवसँगै नाबालक शिशुको शव समेत देखिएपछि महिलाले मृत्युपछि बच्चा जन्माएको खुलासा भएको हो । दक्षिण अफ्रिकाको म्ध्यासी गाउँकी ३३ वर्षीया नामभेलिसो नामासोन्तो म्दोयी नामकी महिलाको अस्पतालमा मृत्यु भएको थियो । मृत्युको समयमा उनी ९ महिनाकी गर्भवती थिइन् । स्वास फेर्न कठिनाई भएपछि उनलाई अस्पताल लगिएको थियो । अस्पतालमा उनको मृत्यु भयो र डाक्टरहरुले उनको गर्भको शिशुको मृत्यु भइसकेको बताए । त्यसपछि उनलाई कफिनमा हालेर शवगृहमा लगियो । १० दिनसम्म शवगृहमा राखेपछि जब ती महिलाको शवलाई अन्त्येष्टि गर्नका लागि कफिन खोलियो तब शवगृहका कर्मचारी तथा ती महिलाका आफन्त समेत भयभित भए । किनकि महिलाको शवसँगै शिशुको शव पनि थियो । लासले बच्चा जन्माएको घटनाले सनसनी मच्चायो । परिवारजन पनि आमा र बच्चाको शव हेर्नबाट डराए र तत्कालै ती महिला र उनको बच्चाको शवलाई एउटै चिहानमा अन्त्येष्टि गरियो । आखिर महिलाले मरिसकेपछि कसरी मृत बच्चा जन्माइन् भन्ने सबैको चासोको विषय बन्यो । डाक्टरहरुले पनि त्यसको खास रहस्य पत्ता लगाउन सकेका छैनन् । मृत्यु भैसकेपछि मानिसका मांशपेशी शिथिल तथा कमजोर हुने भएको हुँदा पाठेघरको मांशपेशी पनि कमजोर भएको र सोही कारण मृतक शिशु महिलाको गर्भबाट बाहिर निस्किएको हुनसक्ने अनुमान डाक्टरहरुको छ ।



### करका अनौठा नियम

**अविवाहित कर** : इंगल्याण्डमा सन् १६९५ मा जुलियस सिजर तथा १७०२ मा पिटर द ग्रेटले अविवाहित कर लगाएका थिए । अमेरिकाको मिसौरीमा पनि उक्त कानून लगाइएको थियो । कानून अनुसार २१ देखि ५० वर्षसम्मका अविवाहित पुरुषहरुले ब्याचलर ट्याक्स तिर्नुपर्दथ्यो ।

**मूत्रकर**ः रोमका राजा वेस्पेशनले सार्वजनिक शौचालयमा कर प्रणाली सुरुवात गर्ने घोषणा गरे । सार्वजनिक शौचालयबाट मलमुत्र खरीद गर्ने कम्प्नीहरुले कर तिर्नुपर्दथ्यो । उक्त मलमूत्र उद्योगहरुमा निकै काम लाग्दथ्यो ।

**स्तन कर**ः यो सुन्दैमा अनौठो तथा अपत्यारिलो लाग्दछ । तर विश्व इतिहासमा महिलाहरुमाथि स्तन कर पनि लगाइन्थ्यो । महिलाको छाति नापेर स्तनको आकार अनुसार कर असूल गरिन्थ्यो । यसबाट दिक्क भएर एकजना महिलाले आफ्नो वक्षस्थल नै काटेर कर कर्मचारीको हातमा राखिदिएको इतिहास छ ।


**टाटू कर**ः अमेरिकाको अर्केन्ससमा सरीरमा टाटू बनाउँदा पनि कर तिर्नुपर्दछ । टाटूसँगै अन्य बडी पियर्सिङ तथा इलेक्ट्रोलाइसिस ट्रिटमेन्टमा पनि ६ प्रतिशत कर लाग्दछ ।

### खान मिल्ने जुत्ता

जुत्ताको काम हो, खुट्टामा लगाउने । तर अब यस्ता जुत्ता पनि बनेका छन् जसलाई खुट्टामा लगाउने होइन की खान सकिन्छ । वास्तवमा यो खानेकुरा हो जुन जुत्ताको आकारमा तयार गरिएको छ । यो डिशको नाम शूशी हो । यो खानेकुरा झ्वाट्ट हेर्दा त जोकोहीले पनि यसलाई जुत्ता नै ठान्दछ । जापानको प्रसिद्ध तथा पारम्परिक परिकार सुसीकै नामबाट यसको नाम राखिएको छ । चिनिया शेफ युजिया हू ले यो खाने जुत्ता तयार गरेका हुन् । २८ वर्षका हू ले इटालियन केसकाना नामक रेष्टुराँमा काम गर्दछन् । उनी शेफ तथा फूड आर्टिस्ट हुन् । उनको बास्केटबल खेलमा निकै रुची छ। सोही रुचीका कारण उनले साधारण सूसीलाई पनि बास्केटबल शू को स्वरुपमा शू(शी परिकारमा बदले । स्मरण रहोस् उनले बास्केटबल खेलाडि, जर्सी, टिसर्ट, हेडफोन आदि आकारका सुसी पनि बनाइसकेका छन् । जुत्तारुपी परिकार शू(शी बनाउन उनलाई ३० मिनेट लाग्दछ । यो डिश ब्राण्डेड जुत्ता जस्तै देखिन्छ । यसमा चामल माछा तथा नोरीसँगै सुसी बनाउन प्रयोग गरिने सबै चिजको प्रयोग गरिन्छ ।



### विश्वकै पुरानो घडी चलेन



विश्वको सबैभन्दा पुरानो मध्येको एउटा घडी चल्न छाडेको छ । ६ सय वर्षदेखि समय, दिन-रात, सूर्य, चन्द्रमा तथा नक्षत्रको जानकारी दिँदै आएको चर्चित खगोलीय घडी बन्द भएको छ। चेक गणतन्त्रको राजधानी प्रागस्थित ओल्ड टाउन स्क्वाएरमा रहेको ओर्लोज नामक उक्त ऐतिहासिक घडीलाई बन्द गरी मर्मत गर्न लागिएको छ ।यद्यपि, यो घडी रोकिएको यो पहिलोपटक होइन । घडी पुरानो हुँदै जाँदा यसमा समस्या पनि बढ्दै गएको छ । पिटर स्काला नामक मेकानिकले यो ऐतिहासिक घडीको मर्मत गर्दैछन् र आउने अगष्ट महिना सम्ममा घडीको पूर्णरुपमा मर्मत गरिसक्ने उनको लक्ष्य छ । सन् १४१० मा बनेको यो घडीको मर्मत सम्पन्न भएपछि पुनः प्रदर्शनीमा राखिनेछ । यो घडीको मर्मत गरी धातुका आधुनिक गिएरलाई पूरानो शैलीका काठका गिएरले प्रतिस्थापित गर्र्ने लक्ष्य ७१ वर्षीय स्कालाको छ ।

### दुईवटी बिहे नगर्ने पुरुषलाई जेल



इरिट्रियामा महिलाको तुलनामा पुरुषको जनसंख्या निकै कम छ । सोही कारण सरकारले सबै पुरुषलाई दुईजना महिलासँग बिहे गर्नैपर्ने कानून बनाएको छ । ताकि कुनै पनि महिला अविवाहित बस्नु नपरोस् ।

कानूनको उल्लंघन गरी दुईवटा बिहे नगर्ने पुरुषलाई जेल सजाय हुन्छ । पुरुषलाई मात्र सजाय हुने होइन, महिलालाई पनि हुन्छ । यदि पहिलो श्रीमतीको रुपमा बिहे गरेर भित्रिएका कुनैपनि महिलाले आफ्नो लोग्नेलाई दोश्रो बिहे गर्नबाट रोक्ने प्रयास गरेमा त्यस्ता महिलालाई पनि सजाय हुन्छ । लोग्नेलाई दोश्रो बिहे गर्नबाट रोक्ने महिलालाई जन्मकैदको सजाय हुनसक्ने प्रावधान छ ।

### मानिसको पेटभित्र ५ फुटको किरा



अमेरिकाको क्यालिफोर्नियामा बस्ने एक व्यक्तिलाई साल्मोन माछाको काँचो मासु खाने ठूलो शौख थियो । उक्त शौख उनका लागि यति महंगो पर्यो कि झण्डै ज्यान गएन । ती व्यक्तिलाई झाडापखालाको समस्या थियो । एकदिन त उनको मलद्वारबाट रगतको धारा नै बग्न थाल्यो । केही चिज निस्कन थालेजस्तो भएपछि उनी तत्काले अस्पताल पुगे । अस्पतालमा जब उनको चेकजाँच भयो तब डाक्टरहरुले उनको पेटभित्र किरा भएको पत्ता लगाए ।

डाक्टरहरुले सोधपुछ गर्दा उनले आफुले दिनहुँ काँचो माछा खाने गरेको बताए । यदि अस्पताल आउन अझै बेर गरेको भए उनको ज्यानै जानसक्ने चेतावनी डाक्टरहरुले दिएपछि ती व्यक्ति झसँग भए । शल्यक्रिया गरी उनको पेटभित्र रहेको लामो किरा निकालियो । उक्त किराको लम्बाई साढे ५ फुट थियो । यो किरा माछाको काँचो मासुकै माध्यमबाट ती व्यक्तिको पेटमा पुगेको ठम्याई डाक्टरहरुको छ । उक्त किरा फित्ते जुका प्रजातिको किरा रहेको डाक्टरहरुले बताए । काँचो माछा खाँदा फित्ते जुकाको फुलहरु उनको पेटमा प्रवेश गरेका रहेछन् । फूलबाट फित्ते जुका उत्पादन भयो र बढ्दै त्यति लामो बन्यो । चिकित्सकहरुका अनुसार फित्ते जुका अर्थात् टेपवर्म केही हप्तामै १५ मिटरसम्म लामो हुन्छ । यो किरा केही महिला तथा वर्षौंसम्म जिवित रहन सक्दछ ।

*अनलाइन खबरबाट*

प्रेरक

## दृढ अठोट

यो घटना १८९२-९३ तिरको हो । लाहोर कलेजमा स्नातक तहमा एक गरिब विद्यार्थी पढ्थे । गरिब भए पनि उनी पढाइमा भने निकै तेज थिए । एकपटक अर्को एक छात्रले ती गरिब विद्यार्थीलाई हेप्ने उद्देश्यले होच्याउँदै भने- ब्राह्मण भएर तिमी संस्कृतको साटो फारसी पढ्दै छौ । यो कति लाजमर्दो कुरा हो भन त ।' साथीको यस भनाइले ती विद्यार्थीलाई चसक्क बिझायो । उनले संकल्प गरे एक न एक दिन म अवश्यै संस्कृत भाषा र साहित्यको राम्रो ज्ञान हासिल गरेरै छोड्नेछु । तत्काल उनले केही भनेनन् । उनले मुखले बोलेर प्रतिवाद गर्नुभन्दा पनि कामले नै त्यो पुष्टि गरेर देखाउने अठोट गरे । उनी छिटोभन्दा छिटो संस्कृतको मूलभूत जानकारी प्राप्त गर्न चाहन्थे । त्यसैले उनले संस्कृतका एकजना अध्यापकसँग गएर आफ्नो चाहना व्यक्त गरे । उनी सोही वर्षको संस्कृत भाषाको स्नातक तहको परीक्षामा सम्मिलित हुन चाहन्थे । उनको चाहना बुझेपछि पहिले ती अध्यापक मुसुक्क मुस्कुराए । भने- रहर गर्नु त ठिकै हो तर संस्कृत पढ्दै नपढेको विद्यार्थीले एकैपटक स्नातक तहको संस्कृतको परीक्षा कसरी दिन सक्छौ ?



अध्यापकको रुखो जवाफपछि उनी निराश भएनन् । उनी आफ्ना बाबु, साथीहरु र कक्षामा जान्ने विद्यार्थीको सम्पर्कमा रहेर संस्कृत अध्ययनमा जुटे । त्यसको तीन महिनापछि उनी पुनः तिनै अध्यापककोमा पुगे । त्यहाँ पुगेपछि उनले संस्कृतको परीक्षा दिने अवसर मिलाइदिनका लागि अनुरोध गरे । उनको क्षमता जाँच्ने अभिप्रायले अध्यापकले प्रश्न सोध्दा उनले भटाभट सबै प्रश्नको उत्तर सजिलै दिए । दृढ निश्चयी यी विद्यार्थी भारतीय सभ्यता र संस्कृतिका अमूल्य रत्न रामतीर्थ थिए जसले स्नातकको सो परीक्षामा विश्वविद्यालय भरिमै पहिलो स्थान प्राप्त गरे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले फाइदा गुम्ने देखिन्छ । करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ । काममा हस्तक्षेप गर्नेहरू सक्रिय हुनेछन् भने सहयोगीहरू कमै भेटिनेछन् । शुभचिन्तकभन्दा आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने हुँदा सावधान रहनुहोला ।

### बृष

लाभको अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यको नाफा गुम्न सक्छ । मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । विश्वासपात्रले अन्त्यमा धोका दिन सक्छन् । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ । पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

### मिथुन

कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ ।

### कर्कट

मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् । टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक तथा सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । राम्रो कामको अवसर मिल्ने योग छ ।

### सिंह

पहिलेका समस्या दोहोरिनाले अलमल बढ्न सक्छ । गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । आम्दानी रोकिनाले योजना स्थगन हुन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

### कन्या

मनोरञ्जनमा अलमलिँदा लक्ष्य प्राप्त गर्न पछि परिनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । आफन्तसँग असमझदारी बढ्ने सम्भावना छ । यात्रा गर्दा धनमाल सुरक्षामा सचेत रहनुहोला । प्रियजनसँगको भेटघाटले उत्साह जगाउनेछ । विभिन्न भौतिक साधन जुट्नाले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

### तुला

विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिनेछ । पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । मिहिनेतले राम्रो प्रतिफल दिलाउनेछ । शत्रुहरू पनि किनारा लाग्नेछन् ।

### बृश्चिक

शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । प्रतिष्ठित काम गर्ने मौका छ । चिताएका काम सम्पादन हुनेछन् । पढाइलेखाइमा प्रगति हुनेछ । सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ । आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । आर्थिक स्थिति बलियो हुने योग छ । आफन्तको साथ मिल्नेछ ।

### धनु

अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति प्रतिकूल रहनेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान् । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला ।

### मकर

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### कुम्भ

धेरै बोल्दा समस्या आउन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ । हिसाबकिताबमा पनि विवाद आउन सक्छ । परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला । सानोतिनो समस्या आए पनि नियमित काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला ।

### मीन

अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला । बेसुरको निर्णयले समस्यामा पुऱ्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तर प्रयत्न गर्दा स्थितिमा सुधार आउनेछ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला । दोहोऱ्याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ । आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । यात्रामा होसियारी पुऱ्याउन जरुरी छ । आफन्तले फाइदा उठाउन सक्छन् ।

## शिल्पालाई पृथ्वीको "बम्पर उपहार"

चलचित्र 'मंगलम' मा समावेश 'पर्ख पर्ख मायालु' बोलको गीत सर्वाधिक चर्चामा छ । यो चलचित्रको प्रदर्शन मिति पनि २ पटक सरिसकेको छ । अब भने यो चलचित्र फागुन २५ गतेबाट रिलिज हुँदैछ । चलचित्रको रिलिज मिति नजिकिदै गएपछि चलचित्रमा समावेश दोस्रो गीत 'बम्पर उपहार' बोलको गीत सार्वजनिक गरिएको छ । दीपक शर्माको संगीत, लेखु सहयात्रीको शब्द रहेको गीतमा प्रमोद खरेलको स्वर छ । चलचित्रको यो गीतमा नायिका शिल्पा पोखेल र नायक पृथ्वीराज प्रसाइलाई देखाइएको छ । चलचित्रमा पुष्पल खड्का पनि मुख्य भूमिकामा छन् ।

कविराज गहतराजले कोरियोग्राफी गरेको भिडियोलाई बिष्णु घिमिरेले खिचेका हुन् । मित्र डी गुरुङको सम्पादन रहेको चलचित्रलाई नवल नेपालले निर्देशन गरेका हुन् । विजेन्द्र शाक्य, साकार ओझा, ओम गुरुङ निर्माता रहेको चलचित्रका कार्यकारी निर्माता छविराज ओझा हुन् ।

## "पण्डित बाजेको लौरी" बन्ने

चलचित्र 'पण्डित बाजेको लौरी'को निर्माण हुने भएको छ । काठमाडौंमा आयोजना गरिएको पत्रकार सम्मेलनमा दीपक ओलीले निर्देशन गर्न लागेको सामाजिक चलचित्रको घोषणा गरिएको हो । चलचित्रमा भोलाराज सापकोटा, प्रविन खतिवडा, विजय बराल, प्रमोद अग्रहरि, मरिष्का पोखेल, सन्ध्या केसी, लोकेन्द्र लेखक, विशाल पहारि, कुददिप अधिकारी लगायतका कलाकारको अभिनय रहनेछ ।

थमनकुमार भण्डारी र किशोर खड्काले मिलेर यो चलचित्रको निर्देशन गर्न लागेका हुन् । अधृत फिल्मस् प्रालिको ब्यानरमा यो चलचित्र निर्माण हुनेछ । एउटा सानो गाउँभित्र पण्डित्याँइको भिन्न भिन्न काम गर्ने पण्डितहरुको कथामा यो चलचित्र बन्नेछ । महेश दवाडीको कथा, पटकथा तथा संवाद रहने चलचित्रमा विदुर पाण्डेको छायांकन, मित्र डी गुरुङको सम्पादन, विक्रम स्वाँर र दीपकमान सिंहको कोरियोग्राफी, श्रीकृष्ण बम मल्ल र अमित श्रेष्ठको सम्पादन रहनेछ ।

## महिला हिंसाविरुद्ध सुनैनाका मिथिला कला

काठमाडौंको बबरमहलस्थित नेपाल आर्ट काउन्सिल यतिबेला मिथिला कलामय भएको छ । मिथिला कलामार्फत लैंगिक समानताका आवाज उठाउँदै आएकी महोत्तरी जलेश्वरकी चित्रकार सुनैना ठाकुरले सो ग्यालरीलाई सोमबारबाट मिथिला कलामय बनाएकी हुन् । उनका चित्रमा महिला हिंसाविरुद्धको भाव प्रस्तुत भएको छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, लोककला विभाग प्रमुख एससी सुमनले मिथिला कलाको चर्चा गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो कला पुऱ्याएकी सुनैनाले यसपटक नेपाली दर्शकमाझ मिथिला कला ल्याएको बताए । मिथिला शैलीमा निर्माण गरिएका यी चित्र त्यहाँ पाँच दिनसम्म रहने र चित्रकला प्रेमीले आफूले मन परेको चित्र खरिद गर्न सक्ने पनि चित्रकार सुनैनाले बताइन् ।

यस्तै बुद्ध, माछा, रास, लाइफ अफ ट्री, माया प्रेम, महिला नेतृत्व, नारी चन्द्र सूर्यको प्रतीक, ज्योति समस्त प्रतीक नेपाल शीर्षकका चित्रकला पनि प्रदर्शनीमा हेर्न पाइन्छ । ग्यालरीमा सोमबारबाट सुनैनाको दोस्रो एकल चित्रकल प्रदर्शनी सुरु भएको छ ।

## "रामकहानी" बन्ने

नायिका पूजा शर्मा र निर्देशक सुदर्शन थापाले बनाउन लागेको नयाँ चलचित्रको नाम 'रामकहानी' राखिएको छ । कमेडी र लभस्टोरी कथाको मिश्रणको रुपमा बन्न लागेको चलचित्रको नामसँगै नायक पनि फाइनल भएका छन् । पूजासँग यस अगाडि आर्यन सिग्देल, प्रदिप खड्का, पल शाह लगायतका कलाकारले काम गरिसकेका छन् । अब, भने पूजाको चलचित्रमा नायक आकाश श्रेष्ठको इन्ट्री भएको छ । आकाश अहिले चलचित्र 'ड्रिम गर्ल'मा काम गरिरहेका छन् । सुदर्शनको निर्देशनमा काम गरेका पल र प्रदिप अहिले स्टार भैसकेका छन् । यो चलचित्रको छायांकन फागूण १ गतेबाट सुरु हुँदैछ । चलचित्रमा केदार घिमिरे, विल्सन विक्रम राई, जितु नेपाल, रविन्द्र झा लगायतका कलाकार फाइनल भैसकेका छन् । अहिले यो चलचित्रको धमाधम कथामा काम भैरहेको छ । केदारले १० लाख र जितुले ७ लाख पारिश्रमिक लिएपछि चलचित्र चर्चामा छ । चलचित्रमा सौरभ लामाको छायांकन, अर्जुन पोखरेलको संगीत रहनेछ ।

## "मिस नेपाल" आयोजनाको घोषणा

सन् २०१८ का लागि 'मिस नेपाल'को नयाँ श्रृङ्खलाको घोषणा गरिएको छ । काठमाण्डौमा पत्रकार सम्मेलनको आयोजना गर्दै चार विलक्षण प्रतिभाशाली युवतीहरुको चयन गर्ने उद्देश्यका साथ सन् २०१८ को 'मिस नेपाल' आयोजनाको घोषणा गरिएको हो । यो बर्ष 'मिस वर्ल्ड नेपाल, मिस यूनिभर्स नेपाल, मिस अर्थ नेपाल र मिस इन्टरनेशनल नेपाल' चयन गरिनेछ । चार जना यूवतीहरु 'मिस वर्ल्ड, मिसन यूनिभर्स, मिस अर्थ र मिस इन्टरनेशनल'मा सहभागी हुनेछन् । द हिडेन ट्रेजर 'मिस नेपाल २०१८'को मुख्य प्रायोजन रुसलान एफले गर्नेछ । यस्तै, कलर्स मोबाइल, लिभोनले सह(प्रायोजन गर्नेछन् । यो बर्ष नेपालका विभिन्न ८ शहरहरुमा 'मिस नेपाल'को अडिसन गरिनेछ । विरगञ्ज, विर्तामोड, धनगढी, धरान, चितवन, पोखरा, बुटवल, नेपालगञ्जमा अडिसन हुनेछ । अन्तिम अडिसन भने काठमाण्डौमा हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

अडिसनबाट छनोट भएका अन्तिम प्रतिस्पर्धीलाई ७ हप्ता प्रशिक्षण दिइनेछ । उमेरको हकमा १९ बर्षदेखि २५ बर्षसम्मका यूवतीले फ्रेवुअरी १५, २०१८ सम्म आवदेन सक्नेछन् । बिहे नगरेका, बिबाहको बचन नदिएका, नेपाली नागरिकता र पासपोर्ट भएकाले आवेदन दिन सक्ने पत्रकार सम्मेलनमा जानकारी गराइयो । यो शर्त लागू भएको खण्डमा एनआरएनले पनि आवेदन दिन सक्नेछन् ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Bolster = समर्थन वा जोड गर्नु To bolster his argument he presented all possible facts and figures (आफ्नो तर्कलाई बल पुऱ्याउन उसले सम्भव भएसम्म सबै सत्य तथ्य प्रस्तुत गऱ्यो)

Castigation = कडा आलोचना For having been easily able to counter the castigation, his friends cheered him a lot (कडा आलोचनाको सजिलै प्रतिकार गर्नसकेको हुँदा सबै साथीहरूले उसको वाह वाह गरे)

Deference = अर्काको आकांक्षाको सम्मान गर्ने प्रवृत्ति In deference my request he postponed the meting for next Monday (मेरो आग्रहको सम्मान गर्दै उसले अर्को सोमबारसम्मका लागि बैठक स्थगित गरिदियो)

Efficacy = प्रभावपूर्ण The efficacy of this medicine depends on the regularity of the doses (यो औषधिको प्रभाव नियमित रुपमा मात्रा मिलाएर खाँदामात्र पर्दछ)

Fatuous = मूर्खतापूर्ण Making such fatuous remark on her act was not simply because of his innocence rather intention (उनको काममाथि मूर्खतापूर्ण सोचाइ राख्नुको कारण उसको अज्ञानताको मात्र नभई उद्देश्य नै थियो)

Goad= लगाउनु । बाध्य पार्नु Trying to goad his sons into homework, he passed hours in reading room (छोराहरूलाई गृहकार्य गर्न लगाउनै भनेर उसले घन्टौं अध्ययन कक्षमा बितायो)

Hibernal = हिउँदे These beans are hibernal (यी हिउँदे सिमीहरू हुन्)

Immutable = अपरिवर्तनीय Nothing is immutable in this world (यो संसारमा अपरिवर्तनीय कुरा कुनै छैन)

Junta = गिरोह The members of the junta were executed as per the order of the dictator (तानाशाहको हुकुमअनुरुप गिरोहका सदस्यहरूको सफाया गरियो)

Kindle = प्रज्वलित गर्नु । आगो लगाउनु । सल्काउनु The wood is dry enough to kindle (दाउरा सजिलै बल्न सक्ने गरी सुकेको छ ।

Latent = विकसित नभइसकेको अवस्था । अथाह Nepal possesses a latent potentiality of hydropower (नेपालसँग अथाह जलविद्युत शक्ति छ)

## सामान्य ज्ञान

सात समुद्रको पानी पिउने ऋषि को हुन् ?
■ ऋषि अगस्त

नर्गिसको फूल कुन देशको राष्ट्रिय चिन्ह हो ?
■ चीन

वर्षा नाप्ने इन्त्रलाई के भनिन्छ ?
■ रेनमेज

सूर्यको तापक्रमको अनुमान कति गरिएको छ ?
■ १ लाख १० हजार फरेनहाइट

सूर्यको किरणमा सात रंग हुन्छ भन्ने पत्ता लगाउने व्यक्ति को हुन ?
■ सर आइज्याक न्युटन

चालकले रक्सी पिए नपिएको जाँच्ने यन्त्रलाई के भनिन्छ ?
■ ब्रैथलाइजर

बिरूवाको जरा बढेको नाप्ने यन्त्रलाई के भनिन्छ ?
■ एक्जामिटर

टेलिफोनको आविष्कार गर्ने व्यक्ति को हुन् ?
■ ग्रामवेल

भगवान पशुपतिनाथका कतिवटा मुख छन् र के के ?
■ ५ वटा, ईशान, अघोर, वामदेव, तत्पुरूष, सद्योजात

पाञ्चायन देवता भनेका को को हुन् ?
■ शिव, विष्णु, गणेश, देवी, सूर्य

जापानको अर्डर अफ द राइजिङ सन नामक तक्मा पाउने नेपाली को हुन् ?
■ टंकप्रसाद आचार्य

## सुडोकु-अंक ८७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | ४ | | | | ७ |
| | ७ | ४ | ३ | | ६ | १ | ९ | |
| | | | ८ | | ९ | | | |
| | ४ | | ९ | | ५ | | ६ | |
| ६ | | | | | | | | ५ |
| | ५ | | १ | | २ | | ७ | |
| | | | २ | | ८ | | | |
| | १ | ६ | ७ | | ३ | ४ | ८ | |
| ७ | | | | १ | | | | २ |

## अंक ८६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | ६ | ५ | ४ | ९ | ८ | १ | ७ |
| ४ | ५ | ९ | ७ | १ | ८ | ३ | ६ | २ |
| ७ | ८ | १ | २ | ६ | ३ | ४ | ९ | ५ |
| ५ | ७ | ८ | ३ | २ | ६ | ९ | ४ | १ |
| १ | ४ | ३ | ८ | ९ | ७ | २ | ५ | ६ |
| ६ | ९ | २ | ४ | ५ | १ | ७ | ३ | ८ |
| ८ | १ | ४ | ९ | ७ | ५ | ६ | २ | ३ |
| ३ | २ | ५ | ६ | ८ | ४ | १ | ७ | ९ |
| ९ | ६ | ७ | १ | ३ | २ | ५ | ८ | ४ |

## फरक थाहा पाउनुहोस्

**Redundancy बारे थाहपाई राख्नुहोस**

Redundancy भनेको आवश्यकै नपर्ने शब्द वा वाक्य प्रयोग गर्नुलाई बुझाउँछ । जस्तो Repeat अर्थ दोहाऱ्याउनु वा to say again भन्ने हुन्छ । तसर्थ कि Repeat भनेर प्रयोग गर्नु पऱ्यो कि त say again भनी प्रयोग गर्नु पऱ्यो तर कसैले repeat again भनी प्रयोग गऱ्यो भने अंग्रेजी ब्याकरण अनुसार गल्ती हुन जान्छ जसलाई Redundancy भनिन्छ । तसर्थ निम्न कुरा जानी राख्नुहोस् ।

कि त Big mistake भन्नुस् कि त Blunder भन्नुस् तर Blunder mistake कहिलै नभन्नुस्

कि त Do or think in advance भन्नुस् कि त Plan भन्नुस् तर Plan in advance कहिल्लै नभन्नुस् ।

कि त Essential कि त Absolutely important तर Absolutely essential कहिल्यै नभन्नुस् ।

कि त Around that time कि त About that time तर Around about that time कहिल्यै नभन्नुस् ।

कि त Audible कि त Good to the ear तर Audible to the ear कहिलै नभन्नुस् ।

कि त Bisect कि त Cut into two तर Bisect into two कहिलै नभन्नुस्

कि त Called up कि त Demanded on the phone तर Called up on the phone कहिलै नभन्नुस् ।

कि त Combine कि त Join together तर Combine together कहिलै नभन्नुस्

कि त Completely of a voice कि त Unanimous तर Completely unanimous कहिलै नभन्नुस् ।

# बालअधिकार तथा बाल संरक्षण तालिमका झलक















**बालअधिकार तथा बाल संरक्षण तालिम**

बाल विकास समाजले काभ्रे र भक्तपुर जिल्लाका बालक्लव, बाल संरक्षण समिति तथा जनप्रतिनिधिका सदस्यहरूलाई बालअधिकार तथा बाल संरक्षणका बारेमा तालिम सन्चालन गरेको छ । संस्थाले विभिन्न किसिमका तालिममार्फत बालक्लवहरूलाई सशक्तिकरण गर्दै आइरहेको छ । यसैगरी काभ्रे जिल्लाको रोसी गाउपालिका ८ खार्पाचोकमा २ दिने बालक्लव व्यवस्थापन तालिम सञ्चालन गरेको हो । उक्त तालिम इन्द्रोदय आधारभूत विद्यालयमा सञ्चालन गरिएको हो । तालिममा बालक्लव के हो ? बालक्लवमार्फत अर्थपूर्ण बालसहभागिता कसरी सुनिश्चत गर्न सकिन्छ ? बालक्लव गर्न सक्ने कार्यहरू के के हुन ? बालक्लव कसरी सञ्चालन गर्ने आदि कुराको बारेमा सहजिकरण गरिएको थियो । तालिममा बालअधिकारका बारेमा समूहकार्यमार्फत प्रस्ट पारिएको थियो । तालिममा समुदाय तथा विद्यालयस्तरका बालक्लवका पदाधिकारीहरूको सहभागिता रहेको थियो । त्यसैगरी भक्तपुर जिल्लाको महेन्द्र ग्राम विद्यालयमा पनि बालक्लव व्यवस्थापन तालिम सञ्चालन भएको थियो । तालिममा २ वटा बालक्लवका पदाधिकारीहरूको सहभागिता रहेको थियो । सोही तालिममा पनि बालबालिकाहरूलाई बालक्लव सञ्चालनका विभिन्न विधिहरूका बारेमा सिकाइएको थियो । तालिममा सहभागीहरू बालसहभागिता, बालसंरक्षण लगायतका विषयमा विभिन्न जिज्ञासा राखेका थिए । यस प्रकारका तालिमबाट बालबालिकाहरूको सशक्तिकरण हुनुका साथै बालक्लव सञ्चालनमा सहजता आउने कुरामा दुईमत नहोला । बालबालिकाहरूले यस्ता किसिमका विषयहरूमा चासोकासाथ लिने हुनाले पनि तालिम प्रभावकारी हुन्छ ।

त्यसैगरी काभ्रेको रोसीमा अर्को बालक्लव व्यवस्थापन तालिम सञ्चालन सञ्चालन गरिएको थियो । विशेष गरी तालिममा बालअधिकार र बालसंरक्षणको बारेमा व्यापकरूपमा छलफल गराइएको थियो । सो तालिममा पनि बालबालिकाहरूलाई बालक्लव सञ्चालन लगायतका विषयमा सहजिकरण गरिएको थियो । त्यसैगरी रोसी गाउपालिका महादेवटारमा पनि ३ दिने बालक्लव व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो । तालिमको सहजीकरण जिल्ला बाल कल्याण समितिका प्रतिनिधि सरोज नेपालले गर्नु भएको थियो । सोही तालिममा बालक्लव, बाल संरक्षण समिति, विद्यालयका शिक्षक तथा जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । तालिममा बालअधिकार तथा बालसंरक्षणका विषयमा विभिन्न विधिको प्रयोग गरी छलफल गराइएको थियो । बालबालिकाहरूलाई यस प्रकारको तालिमबाट कतर्व्य तथा अधिकारका कुरामा सजग हुनका लागि थप प्रेरित गर्ने हुनाले पनि यस किसिमको तालिमको आवश्यक रहेको कुरा विद्यालयका शिक्षकहरूले बताउनु भएको थियो । तालिमबाट बालअधिकारको क्षेत्रमा काम वडामा बसेर काम गर्न थप प्रेरणा मिलेको प्रतिक्रिया जनप्रतिनिधिहरूबाट आएको थियो । तालिम समापनको क्रममा बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रयासा केसीले वडास्तरबाट नै बाल संरक्षणका सवालहरूलाई उठाइ बालबालिकाहरूका समस्याहरूलाई निराकरण गर्नका लागि जनप्रतिनिधिहरूले ठोस भूमिका खेल्नु पर्ने कुरा बताउनु भएको थियो । त्यसैगरी से भ द चिल्ड्रेनका प्रतिनिधि भरत तामाङले यस तालिमबाट सहभागीहरूले बाल अधिकार, बालक्लव, बालसंरक्षण लगायतका विषयमा धेरै कुरा सिक्ने अवसर पाएका हुनाले सोही अनुसरा सिकेका कुरालाई व्यवहारमा लागू गर्नु पर्ने कुरा बताउनु भएको थियो । वडा स्तरबाट नै बालबालिकाहरूका लागि विशेष कार्यक्रम तयार गरी बालसंरक्षण समितिमार्फत उनीहरूका समस्याहरू पहिचान गर्न सकेको खन्डमा समस्या समाधान गर्न अप्ठयारो नपर्ने विश्वास समेत उहाले व्यक्त गर्नु भएको थियो । सोही अवसरमा वडा अध्यक्ष संरक्षण रहने गरी ९ सदस्यीय बाल संरक्षण समिति पनि गठन गरिएको थियो ।

रोसी गाउपालिका मै बाल विकास समाजले स्वरोजगार शिक्षामार्फत महिला दिदी वहिनीहरूलाई साक्षरता बनाइ राखेको छ । ५ वटा स्वरोजगार शिक्षा कक्षामार्फत महिलाहरूलाई पढन, लेख्न, तथा बचत गर्न सिकाइ राखेको छ । बाल विकास समाजले यस प्रकारको पढाइबाट हामीलाई पढन, लेख्न तथा बचत गर्न सिकाएको हुनाले हामी एकदमै खुशी भएको कुरा महिलाहरूले व्यक्त गरेका छन । यस कक्षाको प्रभावले उनीहरू आत्मनिर्भर तर्फ उन्मुख भइरहेको कुरा बाल विकास समाजका कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीले बताउनु भएको थियो ।

**प्रस्तुति : दिपेन्द्र पराजुली**





## जोखिमपूर्ण...

गएका नौ जवान युवा काठको बाकसमा प्याक भएर फर्कनुको पीडा सम्बन्धित परिवारले मात्र बोध गरेको हुन्छ ।

स्वदेशमा भरपर्दो रोजगारीको अभाव भएका कारण दैनिक १५ सयको संख्यामा नेपाली युवा रोजगारको खोजीमा विश्वका विभिन्न मुलुकमा जाने गरेका छन् भने भारतमा पनि लाखौंको संख्यामा युवा श्रमले पसिना बगाइरहेको छ । विदेशमा खासगरी जोखिमपूर्ण काम अर्थात् थ्री डी (डिफिकल्ट, डेन्जर र डर्टी) को रोजगारीमा युवाहरु जाने गरेका छन् । औद्योगिक दुर्घटना, सडक दुर्घटना, आत्महत्या र हृदयघात जस्ता कारणले नेपाली युवाहरुले ज्यान गुमाउने गरेका छन् । डा.डी.बी. क्षेत्रका अनुसार वैदेशिक रोजगारबाट फर्किने युवायुवतीहरु मानसिक रोगबाट समेत ग्रसित हुने गरेका छन् । लामो समयसम्मको पारिवारिक विछोड र विदेशमा सोचेजस्तो प्रगति हुन नसकेपछि युवाहरु डिप्रेसनमा पर्ने गरेका छन् ।

बर्सेनि ठूलो संख्यामा विदेशी भूमिमा नेपाली युवायुवतीले ज्यान गुमाइरहेका भए तापनि सरकारको सम्बन्धित निकायले यस बारेमा कुनै पनि ठोस अध्ययन, अनुसन्धान गरेको छैन । युवाहरुलाई प्रस्थानपूर्व भरपर्दो तालिम समेत दिइँदैन भने तालिमको प्रमाणपत्र प्रक्रिया पूरा गर्न सस्तोमा किनबेच हुने गरेको छ । गाउँ, सहर, सबैतिर फैलिएका वैदेशिक रोजगार कम्पनीका एजेन्टहरुले प्रलोभनमा पारेर सिधासाधा युवालाई समेत बिना कुनै तालिम, प्रशिक्षण विदेश पठाउने गरेकाले पनि वैदेशिक रोजगार जोखिमपूर्ण बनिरहेको छ । वैदेशिक रोजगारको जोखिम घटाउने साथै स्वदेशमै रोजगारीका अवसर वृद्धि गराउनेतर्फ सरकारको अविलम्ब ध्यान जान आवश्यक छ ।

## कालिकोटमा...

लागि बन्द गरिएका छन् । जिल्लाका खाँडाचक्र र त्रिवेणी गाउँपालिका बढी नै प्रभावित बनेका छन् । जिल्ला जनस्वास्थ्य प्रमुख डा.कौसल अलीले गाउँमा अधिकांश बालबालिका भाइरलबाट पीडित भएको बताएका छन् । भाइरल ज्वरोबाट ८ जनाको मृत्यु भइसकेको र सयौं बिरामी परेकाले नियन्त्रणका लागि केन्द्रबाट तत्काल चिकित्सकको टोली र औषधि पठाउन आवश्यक छ ।

## नयाँ सरकारलई...

दलित समुदायका नागरिकलाई ५५ वर्षकै उमेरमा भत्ता वितरण गर्नुपर्ने हुन्छ । सरकारको निर्णय कार्यान्वयन गर्दा झन्डै १८ अर्ब थप रकमको जोहो गर्नुपर्ने अर्थका अधिकारीको भनाइ छ । सामाजिक सुरक्षा भत्ताअन्तर्गत मात्र ३५ अर्ब जति वार्षिक खर्च गर्नुपर्ने हुन्छ भने असाध्य रोगीको लागि गरिएको मासिक ५ हजार औषधि खर्चको अलग्गै व्यवस्था गर्नुपर्छ ।

यसैबीच सरकारले भूकम्प र बाढी पहिरो पीडितलाई दिने घर निर्माण राहतमा समेत एक लाख रुपैयाँ थप गर्ने निर्णय गरेको छ ।

## डिभिजन...

तालाबन्दी गरी निर्माण व्यवसायीहरु ब्यानर बोकेर नाराबाजी गरिरहेका थिए । उनीहरुले बुधबारबाट नै तालाबन्दी सुरु गरेका हुन् ।

निर्माण व्यवसायीहरुले विभिन्न ठाउँमा निर्माण सम्पन्न भएको कामको भुक्तानी माग्दा डिभिजन सडक कार्यालय काठमाडौं र सडक विभागले समेत आलटाल गरिरहेको र लामो समयसम्म झुलाएका कारण निर्माण मजदुर र कर्मचारीको ज्यालासमेत दिन नसकिएको व्यवसायीहरु बताउँछन् । काठमाडौं उपत्यका निर्माण व्यवसायी संघका अध्यक्ष बालकृष्ण थापाले व्यवसायीहरुले तीस करोडभन्दा बढी सम्पन्न कामको भुक्तानी लिन बाँकी रहेको बताएका छन् ।

निर्माण व्यवसायीहरुले विभिन्न योजनामा काम गर्ने दुई सय निर्माण व्यवसायीले भुक्तानी नपाएको बताएका छन् । अर्थ मन्त्रालयले समयमा बजेट निकासा नगर्दा ठेकेदार कम्पनीहरुलाई भुक्तानी दिन नसकेको काठमाडौं डिभिजन सडक १ का प्रमुख मुकुन्दराज अधिकारी बताउँछन् ।

डिभिजन सडक कार्यालय काठमाडौंले ठेक्का लगाएकोमा सम्पन्न भइसकेका योजनाहरुको तीस करोड जति रकम भुक्तानी दिन सकिरहेको छैन । बक्यौता भुक्तानी प्राप्त नगरेसम्म निरन्तर आन्दोलन जारी राख्ने निर्माण व्यवसायी संघले बताएको छ ।

## फिल्टर...

कास्सेल विश्वविद्यालयले आविष्कार गरेको हो । नेपालमा उक्त फिल्टर रोटरी क्लब डिल्लीबजारलाई आइन भेल्ट फेराइन जर्मनीले उपलब्ध गराएको हो । सिविनद्वारा संचालित उक्त पुनःस्थापन केन्द्रको क्षमता १५० जना बालिकाका लागि भए तापनि त्यहाँ हाल ४५ जना बालिका रहेका छन् ।

यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा तथा अप्ठेरोमा परेका उक्त बालिकाहरु परिवार तथा समुदायसँग पुनर्मिलन नहुन्जेल उक्त केन्द्रमा रहने र त्यहाँ उनीहरुले खाजासमेत गरी दिनको तीन पटक खाना, सीपमूलक तालिम, खेलकुद, मनोरञ्जन, पुस्तकालय तथा कम्प्युटर सिकाइ जस्ता सुविधा प्राप्त गर्ने गर्दछन् भने परिवार पहिचान नभएका बालिकाहरु पहिचान नभएसम्म त्यहाँ रहँदा स्थानीय सामुदायिक विद्यालय जाने गर्छन् । फिल्टर हस्तान्तरण गर्नका लागि सोमबार बिहान १० बजे रोटरी क्लब डिल्लीबजारका पूर्वअध्यक्ष सुरेन्द्र ढकाल, अध्यक्ष रामकुमार खत्री, सिविनका अध्यक्ष तथा रोटेरियन माधव प्रधान तथा नेपाल जर्मन एकेडेमिक एसोसियनका पूर्वअध्यक्ष डा. रोशाना श्रेष्ठ पनौति पुग्नुभएको थियो । उक्त अवसरमा रोटेरियन ढकालले उक्त फिल्टर संचालन गर्ने तरिकाबारे केन्द्रका संचालकहरुलाई जानकारी गराउनुभएको थियो ।

## नेपाली किसानमारा...

अदुवाको मूल्य २ करोड ७० लाख हुन आउँछ । पाँचथर, इलाम, ताप्लेजुङ, संखुवासभा, भोजपुर लगायतका जिल्लामा किसानका खेतबारीमा समेत अदुवा कुहिएर जाने अवस्थामा पुगेका छन् ।

यसैबीच भारतले लामो समयसम्म भन्सारमा अदुवा रोकेर नेपाली व्यापारीलाई नोक्सान पुऱ्याएपछि व्यापारीहरुले अदुवा नेपालतर्फ नै फिर्ता गरेर बिर्तामोड लगायत विभिन्न ठाउँका गोदाममा राखेका छन् । तेह्रथुमका व्यापारी फणिन्द्र घिमिरेका अनुसार लामो समय अदुवा राख्दा ट्रकको भाडाको नोक्सानी व्यहोर्नुपर्ने र अदुवासमेत सडेर जाने भएकाले फिर्ता गर्नुपरेको हो ।

भारतले आयात अनुमतिपत्र लिएका व्यापारीलाई मात्र अदुवा आयात गर्न दिने र नेपालको भ्याट जस्तै जीएसटी कर तिरेपछि मात्र अदुवा प्रवेश गर्न दिने शर्त अघि सारेको छ । नेपाल भारत व्यापार सन्धिमा कृषि उपजमा कर नलाग्ने भए तापनि भारतले सन्धिको धोती लगाइदिएको छ । भारतले काँकडभिट्टा भन्सारबाट नेपालमा उत्पादित तरकारी जान समेत रोक लगाएको छ । धनकुटा, तेह्रथुम लगायत जिल्लामा उत्पादन भएको तरकारी भारतको कोलकतासम्म पुग्ने गरेको छ । तर अन्य तरकारीलाई जान नदिने र बन्दाकोभीलाई मात्र जान दिने भएकाले अन्य तरकारी समेत बन्दाकोभीको नाममा पठाउने गरेको व्यापारीहरु बताउँछन् ।

नेपालका किसान व्यापारीहरुले गम्भीर समस्या झेल्दा पनि नेपालका मन्त्रालय, विभागका कर्मचारीहरु कानमा तेल हालेर बस्ने गरेका छन् । कतिपय कर्मचारीसँग समेत भारतीयहरुको सोझो पहुँच भएकाले मिलेमतोमा देश र जनतालाई आघात पार्ने काम भइरहेको छ ।

## सीमा विवाद...

नमिचिएको भन्दै झूटो विवरण प्रस्तुत गरेको छ । स्ट्रिप म्यापअनुसार नापी गर्दा भारतीय भूमि पनि नेपालतर्फ आएको र नेपाली भूमि पनि भारततर्फ गएको टोलीको भनाइ छ । टोलीले कहाँनेर कति भारतीय भूमि नेपालतर्फ मिसियो बताएको छैन । सुगौली सन्धिमा अंग्रेजले हडपेको विशाल नेपालको भूभाग अंग्रेजले भारत छोडेपछि पनि फिर्ता गरेको छैन । सुगौली सन्धिले खुम्चिन पुगेको भूमिमाथि समेत भारतले पटक पटक गिद्दे दृष्टि लाउँदै आएको छ । छपकैयामा भएको अतिक्रमणबाहेक भारतले २३ जिल्लाका ७१ ठाउँमा ६० हजार ६ सय हेक्टर जमिन अतिक्रमण गरेको छ ।

**बर्दियामा पनि अतिक्रमण**

गुलरिया । विभिन्न ठाउँमा सीमा अतिक्रमण गरिरहेको भारतले बर्दियाको कालाबञ्जर र रत्नापुर गाउँसित जोडिएको नेपाल-भारत दशगजा क्षेत्रमा अतिक्रमण बढाएको छ । भारतीय सडक विभागले सीमा स्तम्भ ६१ स्थित दशगजामा पक्की सडक निर्माण गरी अतिक्रमण गरे पनि नेपाली पक्षले यसबारे कुनै चासो लिएको छैन । भारतीय नागरिकले पनि दशगजा क्षेत्र मात्र नभएर नेपाली भूमि समेत अतिक्रमण गरेर पक्की घर निर्माण गरी व्यापार व्यवसाय गरिरहेका छन् ।

अतिक्रमित भूमि नजिकै भारतीय सुरक्षाकर्मीले क्याम्प राखेर बसेका भए पनि नेपाली सुरक्षाकर्मीको भने त्यहाँ उपस्थिति छैन । २०३७ सालसम्म सीमा क्षेत्रमा बाक्लो जंगल भए पनि अहिले भारतीय पक्षले त्यो अतिक्रमण गरी झन्डै १ किलोमिटर भित्र नेपाली भूभागमा दशगजा कायम गराएको स्थानीय व्यक्तिहरु बताउँछन् । एउटा मुख्य सीमा स्तम्भ बबई नदीले बगाएको र केही स्तम्भहरु हराएका छन् । एक सय ७ वटा सीमा स्तम्भमध्ये २९ वटा साना स्तम्भ हराएका छन् । ३३ वटा खोलाले बगाएको छ । गुलरिया नगरपालिकाको थपुवा गाउँका फत्ता थारु, विश्राम थारु, खटिक थारु, रामदत्त थारु समेतको ५ बिघाभन्दा बढी जग्गा भारतीय पक्षले अतिक्रमण गरेको छ । धनीपुर्जा आफूसँग भए पनि जमिन भारतीय अतिक्रमणमा परेको गुनासो पीडितहरुको रहेको छ । अहिले नेपाल भारत संयुक्त सीमा व्यवस्थापन टोलीले कैलाली, कञ्चनपुर, दाङमा काम गरिरहेको र त्यहाँको काम सकिएपछि बर्दियामा सीमा व्यवस्थापन हुने कुरा बर्दियाका प्रजिअ नारायण भट्टराई बताउँछन् । भारतसँग सीमा जोडिएका सबै ठाउँमा तत्काल ध्यान नदिने हो भने अतिक्रमण अझ तीव्र रुपमा बढ्ने निश्चित छ । नेपाली पक्षको कमजोर प्रस्तुतिका कारण सीमा व्यवस्थापन टोलीमा पनि भारतीय हावी भएका छन् ।

नियात्रा

**खोमदत्त बराल**

# बेलायतको सेरोफेरो-१०



नेशनल ग्यालेरी बेलायत यहाँ पनि मानिस उत्तिकै भिड्म भिड छ । उस्तै रंगी विरैगी छन । जवान छन् । छेउतिर सरेर आलिंगन गर्छन । गाला जोड्छन् । उत्तिके तातिएका जोडी परेमा अंगालो हालेर निकै वेर आफूलाई त्यति कै विर्सन्छन् । उनीहरुको छाडा जवानीले अरुलाई पनि अप्ठेरो पर्ला भन्ने कुरा अबुझ प्राणीहरु धर्तीमा प्रशस्त भै सकेका छन् । ट्रफल्गार वरिपरि आज पनि जादुगरले जादु देखाउँदैछ । मानिस हाँसन पाइरहेका छन् । अनुत्पादक काममा समय खर्चिनु मानिसलाई गाह्रै हुदैन । यो यति धेरै मानिस बेलायतका हुँदै होइनन । सायद यी सबै मानिस देश विदेशबाट खर्च गरेर बेलायतको दर्शनमा आएका होलान । हिजो पनि बेलायत शक्तिशाली भएको बेलामा घरघरमा गएर अन्याय अत्याचार र शोषण मचाएर मोज मस्ती गरेको बेलायती शक्ति । आज पनि आफ्नो पौरख र गौरवलाई प्रदर्शनीमा राखेर देश दुनियाँका मानिसलार्य आकर्षण गर्दै लुट्ने काममा निरन्तरता दिएको छ । जादूगरको जादू गरी नगरी जस्तै वास्तवमा नै सुग्घर सफा र आकर्षणको थलो रहेछ यो वेलायती बजार । छोडौ यो सेन्ट्रल लण्डनको सेन्ट्रल स्क्वायर र नेसनल ग्यालेरी छोडियो । अघि बढौ । आफ्नो बाटो लागियो । हामीलाई चिया कफिको तिर्सना भयो । एउटा कफी सपमा पस्यौ लाग्यो । पसेर हेरको । भरि भराउछ । बाहिर पानी पर्दैछ । तीनटा छाता, तीन जनाले ओडेका छौ । असीम बाबु कैले कान्छाको छातामा ओत लाग्छन् । कैले मैले ओडाउँदैछु । अझ अघि बढ्यौं । राम्रै कफी सप भेटियो । भित्र पसियो । खाली ठाउँ रहेछ । असिम बाबु कफि चियाको आदेश गर्दैछन् । हामीले स्थान ग्रहण गर्‍यौं । सोफा मजा कै रहेछ । एउटा मुसलमानी भाइ निदाइ रहेका छन् । चिया चार कप आयो । असिमले ब्ल्याक पुक्स र केक लिएर आए । दुइमाना जाने कप रहेछन् । लामै समय लाएर चिया खाइयो । हामी भन्दा अघि नै देखि चिया खाँदै बसेका मासिन खाइ नै रहेका छन् । विस्तारै खायै । पानी अलि रहने क्रममा छ । बेलायतको मौसम एक दिनमा वाहुपाराको हुन्छ भन्दा रहेछन् । एकछिनमा पानी पर्छ । तुरुन्तै घाम लाग्छ । सबै भन्दा खतरा हाम्रो लेकाली मौसम जस्तो फुसफु गर्दैछ र पानीको भार बोकेर मानिसलाई चिस्याउँदैछ । यो स्टर बक्स कफि (STAR BUCKS COFEF) हाउसमा बसिदैछ । अब भने पानी रह्यो । विस्तारै पाइला अघि बढाइयो ।

वाटरलुतिर जाने विचारमा छौ । यो वाटरलुमा फ्रान्स नेपोलियन र बेलायतको लडाईलायृ सम्झाउँदो रहेछ । यसको वरिपरि बेलायतले प्रशस्त विकास गरेको रहेछ । पारी पुरानो लण्डनमा एलिजावेथ हल रहेछ । यसमा Power To the People लेखिएको इलेक्ट्रिक अक्षरहरु नाँचि रहँदा रहेछन् । यो शब्दावलीले नेपालको श्री ३ पद्म समशेरले म राष्ट्रको नोकर हुँ भने जस्तै त होइन । तर उल्लेखित शब्दावलीनै राजकीय शक्ति र सत्ताले नै जनतालाई समर्पणको प्राण जस्तो भाव दिएको छ । जनता ढाँट्ने काम पनि त हो ।

आज भने लण्डन ब्रीज पुरानो भई सकेको ब्रीज हेरियो । हिड्दै पुल पार गरियो । यो थेम्स नदीमा पुल पनि कति थरिका मिलेनियम झोलुङ्गे तर नहल्लिने, मानिस मात्र वारपार गर्न सकिने । पुरानो आवश्यक पर्दा विचको भागलार्य वेण्ड गरेर बंग्याएर ठूला ठूला जहाजहरु थेम्स नदीमा पार गराईन्छ रे । धेरै प्रकारका पुल तरेर समय विताईयो । ठूला ठूला थियटर जस्ता भव्य भवनहरु वरिपरि घुमियो । दृश्यावलोकन क्षणिक नै भएपनि आनन्ददायी नै हुन्छ । थेम्स वारी पारी उत्तिकै सुन्दर र सफा बजार छ । उत्तिकै प्रशस्त यात्रुहरु भेट्न, देख्न पायने । कति नै लाजगालको भाँडो भए पनि सेता खम्बा जस्ता तिघ्राहरु देखाउँदै जाडोमा बहादुरी देखाउने युवतीहरुलायृ पनि धन्यवाद नै भन्नु पर्छ । विस्तारै घुम्दे जाँदा लण्डनको आँखा (London's eye) विस्तारै घुम्दै जाँदा लण्डनको आँखाको खेलो भएको ठाउँमा पुगियो । त्यसमा चढ्न भने पहिला नै टिकट काट्नु पर्ने रहेछ । साँझतिर समयले पनि रातको नजिकै पुगिसकेको थियो । सम्भावना भएन । वास्तवमा लण्डन आई भने पनि हाम्रो नेपालमा चाहि रोटे पिंग जस्तै नै हो । तर पाङ्ग्रा भने धेरै छन् । झण्डै पचास साठी भन्दा पनि बढी नै होलान । तर हाम्रा रोटे पिंगका सिट पाङ्ग्रा खुला हुने बलियो गरी पक्रेर बसे मात्र पनि खेल्न सजिलो हुने । यसमा भने पस्यो । कुर्सीमा बस्यो । ऐनावाला ढोका लगायो । घुम्यो । पैसामात्र बढी । एकपटक चढ्नु पर्ला । धेरै मानिसहरु पिंगमा बसेका छन् । धेरै अझै लइनमा छन् । यही लण्डनको आँखा छेउबाट थेम्स नदीको बोठमा यात्रा गर्ने विचार पलायो । टिकट काटियो । खचै बढी नै लाग्दो रहेछ । लण्डनबाट बुलिचसम्म एक घण्टा भन्दा बढी नै लाग्यो । साँझ पखको समय । धमिलो पानी । बोट पानीमा हेलिदै छ । बोटमा करिव डेढ सय जति मानिसको यात्रा हुन सक्दो रहेछ ।

लण्डनको आखाँ भन्ने ठाउँ देखि वीलिच क्षेत्र सम्म करिब एक घण्टाको थेम्स नदी माथिको बोट यात्रा रमाइलो लाग्यो । दारु पाइने वारपनि भएको नाचगानको समेत व्यवस्थामा नरमाउने कोही हुदैन । खान्की र रमायलोको मात्रा मिलाउदाको यात्रा निश्चय पनि आनन्ददायक नै हुँदो रहेछ । बोटबाट उत्रियौ । पानी पर्न थालिसकेको थियो । केटाकेटीले फोटो खिचे । पानी राम्रै संग पर्‍यो । घुम्दै घुम्दै प्लमवीस्ट रोड आई पुगियो । केही छिन पछि हिडेरै डाँफे रेष्टुरेण्टमा गएर खाना खाइयो । पोखरातिरका मानिसले रेष्टुरेण्टको व्यवस्थापन गरेको रहेछ । प्रायः जसो सबै नै नेपालीको खाना खाने घर रहेछ । हामीले पनि तीनट चिकन मःमः र एउटा भने भेज चाउमिन मागेर खाइयो । सबैले आ-आफ्नो भाग खाइ सके आफूले भने चाउमिनको आधा भाग मात्र सकें । आधा भाग प्याक गर्न लगाएर घरमा ल्याइयो ।

घरमा आएर चिया कफी खान पाउँदाको स्वाद रमाइलो छुट्टै हुनेछ । रेष्टुरेण्टबाट अलि पर गएर उमाजीको एउटा दवाह किनियो । घरबाट ल्याउन छुट्दा निकै अप्ठेरो भइसकेको थियो । सोही कम्पोजिसनको दवाइ पाइनु खुशी कै कुरा हो । नत्र विराम अनुसारको दवाइ नपाउँदा असजिलो स्वभाविक हुन्छ । बेलुका पानी राम्रै संग पन छोडी सकेको थियो । दिनमा अलिकति अप्ठेरो पारेको भए पनि बेलुकामा बाधा नपुऱ्याएकोमा पानीलाई पनि धन्यवाद छ ।

विहानको खानापछि हतारमा हेस्टिङ्गसको यात्रामा लागियो । वास्तवमा केटाकेटीहरुले बेलायतमा बसेर धेरै कुरा सिक्न अवसर पाए । घरमा बसेर नेपाल देख्ने कुरा उहिले नै गाउँलेले गर्थे । तर यति बेला ल्यापटप मोवाइलले त प्रशस्त काममा सहयोग पुऱ्याएको छ । घरमा बसी बसी ट्रनको बसको टिकट काट्न पाउनु र त्यसैको सहयोगमा यात्रा गर्न पाउनु पनि सजिलो काइदा हो । प्रविधि र प्रयोगका अक्कलले सब थोक सुखद हुँदो रहेछ । यहाँ हेस्टिगसको बाटामा पर्ने सेन्ट वारियर स्कयामरमा विजय राउतजीको घरमा बसिंदैछ । भिक्टोरिया ट्रेन स्टेसनबाट ११.४७ मा हिड्नु पर्ने ट्रेन रहेछ । १६ नं. प्लेटफर्म भएको उदघोष भयो । ट्रेन खोजियो तर ट्रेन त पत्ता लागेन । १६ नं. प्लेटफर्ममा एउटा मात्र ट्रेन छ । असिम फिर्ता गइ सके पत्तो लाग्दैन । सोद्धै सोद्धै ड्राइभर कै सिटमा आए पछि मात्र ट्रेन चाहि ल्यही रहेछ । अगाडि चारवटा डिब्बा भएको ट्रेन टेस्टिङ्ग तर्फ जाँदो रहेछ । त्यति लामो ट्रन पचासौ डिब्बा भएको अरु भाग छुटियएर अन्तै जाने रहेछ । त्यसैले होला यात्रुहरुलाई समेत आफ्नो जाने ठाउँ बाहेक अरुको विषयमा जाकारी नहुनु अस्वाभाविक पनि थिएन । त्यही ट्रेनमा चढियो । एक जना निकै बुढा मानिसलाई सोधियो । प्रामाणिक भए पछि ढुक्क भएर ट्रेन चढियो । भेट्रो अंग्रेजीपत्र पढ्दै अघि बढियो । बाटोमा रमाइलो हरियाली जंगल डाडा काडा पनि देख्दा मनमा आनन्द छायो । प्रकृतिको मापा गर्दा हुने फाइदा बारे यो विकास मुलुकका मानिसलाई राम्रैसंग ज्ञान भउको प्रमाणका रुपमा लिनु पर्ने ज्ञान थपियो । यहाँ पनि ठूला ठूला घाँसे मैदानमा बाख्रा भेडा चर्दै रमाइरहेको देखिन्छ । गाई पालनको अवस्था देख्दा भने हिन्दुधर्मावलम्बी गाई पुजकलाई चस्सजिज्यो पनि रहेछ । गाईको गउत खाएर चोखिने हिन्दु संस्कार संस्कृतिलाई यी गाईहरु त म्लेच्छेको तरकारी पो हुन भन्न अलि असजिलो नै हुन्छ । तर साँचो कुरा पनि हो । हाम्रा पूजनीय गाई बाच्छा बाच्छी यी बेलायतीहरुको तरकारी नै हुन । तै पनि यस पक्षमा चित्त दुख्दो छ । एकघण्टाको ट्रेनको यात्रा पार गरे पछि । विजयजीलाई फोन गरियो । त्यति बेला ६ ।सत वटा स्टेसन नै पार गर्न बाँकी रहेछ । ईष्टवर्न टेसन आएपछि ट्रेनको टाउको चुडिएर अर्कै बाटो लियो । बल्ले सेन्ट वारियर स्कवायर टेसनमा आइपुगियो । त्यहीबाट विजयजीलाई फोन गरियो । केही छिनको पर्खाई पछि विजयजी आइ पुग्नु भयो । साथै लागेर विजयजीका हामी पछि लाग्यौ । सुटकेस उहाँले नै खुशी साथ तानिदिनु भयो । उहाँको रेष्टुरेण्ट गोरखा प्यालेसमा आइ पुगियो । रेष्टुरेण्ट समुन्द्रको किनारामा नै रहेछ । रेष्टुरेण्टका केटाहरु रहेछन् । एकछिन गफ गाफ पछि उहाँ आफैले चिया बनाउनु भयो । उहाँ समेत हामीले चिया खायौ । केही छिनमाउहाँ भात खान जानु भयो । वास्तवमा रेष्टुरेण्ट नमै बेलुका मात्र क्रियाशील भै कारोवार चल्ने भन्ने थाहा हुन्छ । आफैले ढोका बन्द गरेर हामीलाई लिन जानु भएको रहेछ । आउनु सथा आफैले ढोका खोल्नु भयो । एक छिन बसेर समुन्द्री किनाराको रमाइलो लिन तर्फ लागयौ । समुन्द्रपारी पट्टी फ्रान्स पर्छ रे । निकै बेर समुन्द्र किनारामा पानीको छालको नाचमा आफूलाई समाहित गरियो । दुई चार स्न्याप फोटो आफ्नो क्ड्ामेरामा समेटियो । लामै यात्रा भएछ । किनारै किनार निकै पर पुगियो । बगरमा बसियो । विजयजी आफ्नी पौरखमा खुशी छन् । छोरा छोरीलाई उच्च शिक्षा दिलाउँन सफल छन् । मेडमले पनि बेलायतमा आएर २ वर्षमा नर्सिङ्ग गरेर आफूलाई सक्षम र आत्मानिर्भर महिलाका रुपमा यथाचित गरि सक्नु भएको रहेछ । मेडम पनि जागिर खानु हुन्छ । आफू रेष्टुरेण्ट भव्य पाराले सुसंचालन गरेर यस क्षेत्रमा पोख्त समाजसेवीको रुपमा स्थापित गरिसकेको पाउँदा एउटा मित्रको प्रगतिमा आफू पनि रम्न पाएको झै लाग्यो । साथी त बेलायतको ल्वार पार्टीको कार्यकर्ता भई सकेछ । समाज विकासका लागि जहाँ जुन पार्टीमा लागे पनि राम्रै हो । निष्पक्ष र निष्कलंक भएका काम गरेर आफू बसेको समाज विकास गर्न सकेर रम्न सकिन्छ भने त्यही पार्टी राम्रो र वेस अति उत्तम हो । आफूलाई समाजवादी र साम्यावादी भन्ने घुस खोरी र भ्रष्टाचारीले भने हो भने त्यो वर्वादी नै हो । नामले मात्र केही हुँदैन कामले प्रमाणित गन सक्नु पर्छ ।

२०६८/०४/०४

फोक्स्टन विजयजीको घरमा अलि अवेर आइयो । धेरै दिन पछि एक प्याक रेड वाइनसंग पुनर नाता जोडियो । गफ गाफ । विजयजीको भेडमसंग काठमाण्डौमा नै भेटघाट भएको थियो । लामो समय भयो विर्सनु पनि भएको हुनुपर्छ । विजयजीसंग गए पछि साथी हो भन्ने कुरालाई अरु परिचयको खाँचो परेन । उमाजी पनि भएपछि बरालको श्रीमती पनि भन्न परेन । निकै बेर गफ गाफ र खान पानमा नै वित्यो । अतिथी देवो भवः नेपालीको संस्कार संस्कृति पनि हो । धेरै परिकारबाट सत्कार पाइयो । रमाइलो संग समय वित्यो । बाह्र बजे तिर सुकला भयो ।

राती राम्रै संग निन्द्रा देवीले काखमा न्यानो गरी साथ दिइन । जति नै न्यानो र आरामदायी भएपनि आफ्ना जनेन्द्रीय खुकुलिदै गएपछि केही लाग्दो रहेनछ । एक दुइ पटक लघुशंक ।गर्न उठ्नै पऱ्यो । प्रकृतिगत कमजोरी नै होला । उज्याला हुने समयमा प्राणायम र मेडिटेसन गर्न भ्याइयो । बेलुका ढिलो सुतिएको कारणले होला मेडिटेसन पछाडी पनि मस्तैसित निदाइएछ । उमाजी अलि अगाडि नै उठिछिन् चिया सिया खाइ वरि वैठक कोठामा मेडम संग गफगाफमा व्यस्थ थिइन । वैठकमा पस्नासाथ मेडमको सहयोगमा कफी वन रोटीकले स्वागत गऱ्यो । एकछिन पछि विजय बाबु पनि उठर आउनु भयो । भान्सामा पसेर आफै चिया कफी खानु भयो । हामीलाई चिया फेरि पिउन आग्रह गर्नु भएको थियो तर चियामा खासै रुचि छैन भनेर टार्दा टार्दै छोरी नानीले आलू र चिया ल्याइन । खाइयो । आलु चप पनि मिठो गरी बनाइएको साँची नै स्वादिलो आलुचप संग जम्का भेट भयो । एकपछि बाहिर घुम्न जाने कुरा उठे । चारै जना सी वीच लिस ल्कीफ हिल तिर गइयो । वास्तवमा सुन्दरताको नमूना ीभबकअषिभ हिल । यही ठाउँमा फ्रान्स तिर हेर्न इरवीन राखिएको रहेछ । अलि तुवालो र पानी परिरहेको कारण पनि होइन होला । अलि घमाइलो भएकोले पारी सम्म देखिन पाएन । २० पेन्सले दुर्वन हेर्न पाइने थिएछ ।

लिस क्लिफ हिलमा त्ज्भ नचबलमा भन्ने होटल रहेछ । त्यही होतटलमा विजयजीले छ सात महिना काम गरेको रहेछ । होटलको मालिक माइकलसंग कुरा भयो । होटल भित्रै गऱ्यौ । माइकलसंग भेट त भयो । अलि व्यस्त भएको र कसैलाई समय दिइ सकेको कारण लामो समय सम्म गफ गाफ भने हुन सकेन । फोक्स्टनको मोलिस किफ भन्ने स्थान निकै उचाईमा छ । निकै उचाय भएको ठाउँमा पनि जंगल छ । मत्लब भिरालो पाखा भरी पनि राम्रो जंगल छ । किसिम किसिमका रुख विरुवा मनमोहक चित्ताकर्षक स्थान छ । यस स्थानबाट समुन्द्रको दृश्य निश्चय पनि अति आनन्ददायी अनुभूति हुने । यो ग्रैण्ड होटल निकै आग्लो र ठूलो पनि कोठै कोठा छन् भन्ने वाहिरबाट नै अनुमान गर्न सकिन्छ । अर्को यस होटलको नजिक अकौ मेट्रेपोल नामक होटल पनि छ । यो क्षेत्र निश्चय पनि धनी मानिस बस्ने ठाउँ भन्ने घर वासस्थानको ढाँचाकाँचाले प्रमाणित गर्छ । लामो कार पार्किङ्ग गर्ने ठाउँ पनि छ । अगाडि पट्टी राम्रो लाउन चौर भएको ग्राण्ड होटलको साइडमा पनि प्रशस्त सजाएर बनएको लाउन । अगाडी पट्टी होचो पुडका सयपत्रीले ढाकेको छ । सुन्दरतालाई कसी लगाएर वर्णन गरिरहन आवश्यक छैन । यो ज्यानको आँखाले देखेर अनुभूति गरेको विषय शब्दहरुको वर्णनले बोक्न सक्दैन । नेपालको सरकारी पार्कहरुले पनि यत्तिको चित्ताकर्षक स्थान निर्माण गर्न सकेको छैन । दुई एक रिसोर्टहरुले भसक गिानै खोजे पनि कहि न कही कमि छोडेको हुन्छ । तर यहाँ यस फोक्सटन भन्ने ठाउँको लिसल्किफ त अति सुन्दर शहर पो रहेछ । सफा भिरालो भिरालो बाटो । बाटा वरिपरि जंगलको के वयान गर्नु । अति राम्रो, सुन्दर चित्ताकर्षक । आफैलाई सोध्न मन लाग्छ । यस्तो राम्रो पनि ठाउँ हुँदो रहेछ । प्रकतिले साथ दिएर मानविय शक्तिले सिगारे पछि धर्तीले नै स्वर्गीय आनन्दको स्थान विर्साउँदो होला । सुनलाई खोल लाउनु पर्दैन र अरुवरी सनलाई कसी लाउनु पर्दैन भन्छन् । विजयजी सबेको वासस्थान क्षेत्र पनि राम्रो सुग्घर सफा र समथल ठाउँ छ । दुई तले घर । घर नं. १३ मेडम पनि नजिकै नर्सिङ्ग होममा काम गर्नु हुदो रहेछ । वासस्थानबाट करिव पाँच मिनेटको ड्राइभिङ्ग यात्राबाट जागिरमा पुगियो । बुढा बुढी दुवैको आ आफनो कार । विजयजीको चाहि यहाँबाट करिव दुई घण्टाको ड्राइभिङ्गमा मात्र वारियर स्क्यवायर को धेरै ठाउँ घुमियो । साँची नै सुन्दर ठाउँ । गोदावरी निजी रिसोर्ट भन्दा पनि यस ठाउँको सार्वजनिक क्षेत्र पनि राम्रो बनाएको । (क्रमशः)